जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २६ • अंक ३० • २०८१ साल असार ४ गते मंगलबार (18 June, Tuesday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।-

## धनुषा र महोत्तरीको पुल र सडकमा यथेष्ट बजेट

टुडे समाचारदाता



जनकपुरधाम । नेकपाएमालेबाटसंघीय सरकारमा नेतृत्व गरिरहेका उपप्रधान एवं भौतिक पूर्वाधार मन्त्री रघुवीर महासेठले पूर्वाधार निर्माणमा उपेक्षित रहेको धनुषा र महोत्तरी जिल्लाको पुल र सडक निर्माणमा यथेष्ट बजेट विनियोजन गरेका छन् ।

आगामी आर्थिक वर्ष २०८१/०८२ मा भौतिक पूर्वाधारका प्रशस्त ठूला, साना सडक र पुल निर्माणका लागि बजेट विनियोजन गरिएको छ। मन्त्री महासेठको गृह जिल्ला धनुषा र छिमेकी जिल्लामा सडक र पुलको कारण विकासमा पछाडी परेको छ । पहिलो पटक उनले धनुषा र महोत्तरी जिल्लाको पूर्वाधार निर्माणका लागि यथेष्ट बजेट राख्न सफल भएका छन् ।

भौतिक पूर्वाधार मन्त्रालयको रातो किताबमा रहेका योजनाहरु मध्ये झण्डै ९ अर्ब रुपैयाँको सडक र पुल निर्माणको काम धनुषा र महोत्तरीमा हुनेछ । यो रकम मधेश प्रदेशको पुँजीगत बजेटको झण्डै ४० प्रतिशत रहेको छ।

वैकल्पिक सहायक राजमार्ग विकास कार्यक्रम, स्थानीय सडक पुल कार्यक्रम र रणनीतिक सडक पुल निर्माण तथा पुलेसा संरक्षण कार्यक्रमबाट धनुषा र महोत्तरीमा स्थानीय सडक, पुल र पुलेसामा आवश्यक बजेट मन्त्री महासेठले विनियोजन गराएका छन् ।

विगतमा पनि महासेठ भौतिक पूर्वाधार मन्त्री भएको बेला धनुषा-महोत्तरी जिल्लामा सडक र पुलमा बजेट राखेका थिए । तर यस पटक उनले अधिकांश योजनाहरुमा बजेट बिनियोजन गराएका छन् ।

धनुषा र महोत्तरीमा सडक र पुलमा अत्यधिक बजेट विनियोजन भएको रातो किताब सार्वजनिक भएपछि विभिन्न दलका नेताहरुले मन्त्री महासेठको आलोचना गर्न थालेका छन् ।

उनी मन्त्री रहेको मन्त्रालय बाहेकका मन्त्रालयहरुको विकास निर्माणको उपेक्षामा नै धनुषा र महोत्तरी लगायत मधेशका जिल्लाहरु रहेका छन् ।

# सीआईबी र सशस्त्र प्रहरीको छापामारी
## हुण्डी कारोबार गर्ने यादव र महतो पक्राउ

टुडे समाचारदाता

वीरगञ्ज । पर्सा जिल्लाको सशस्त्र प्रहरीले हुण्डीको रकमसहित एक युवकलाई पक्राउ गरेको छ। भारतबाट ल्याउँदै गरेको १२ लाख हुण्डीको रकम र मोटरसाइकलसहित पक्राउ गरेको युवकलाई सोमबार नै भन्सार कार्यालयमा बुझाएको छ ।

वीरगञ्ज महानगरपालिका वडा नम्बर-१६ भन्सार चेकप्वाईन्टबाट सीमा सुरक्षा गुल्म वीरगञ्जबाट खटिएको सशस्त्र प्रहरीको टोलीले १२ लाख हुण्डीको रकमसहित जितपुर-सिमरा उपमहानगरपालिका वडा नम्बर-७ का अन्दाजी ३८ वर्षीय छठु महतो कोइरीलाई पक्राउ गरिएको जनाएको छ।

रक्सौलबाट प्रदेश २-०३-०२० प ४२२२ नम्बरको मोटरसाइकलमा वीरगञ्जतर्फ आउँदै गर्दा चेकजाँच गर्ने क्रममा हेल्मेट भित्र लुकाई छुपाई राखेको १२ लाख रुपैयाँ बरामद गरिएको सशस्त्र प्रहरीले जनाएको छ । बरामद रकम र मोटरसाइकलसहित युवकलालाई आवश्यक कारबाहीका लागि वीरगञ्ज भन्सार कार्यालय पर्सामा बुझाइएको सशस्त्र प्रहरी बल नम्बर १३ गण हेडक्वाटर पर्साका सशस्त्र प्रहरी उपरीक्षक राधेश्याम धिमालले बताएका छन् ।



सीमावर्ती भारतीय बजारमा नेपाली मुद्रा प्रचलनमा रहेको छ । नेपाली ग्राहकहरुले कारोबार गर्ने नेपाली मुद्रा फेरि नेपालमा अवैध बाटोबाट आउने गरेको छ । नेपाली उपभोक्ताहरुले कारोबार गर्ने नेपाली मुद्रा भारतमा सयकडा २ रुपैयाँ कममा खरिद गरिन्छ। बट्टा काटेर कारोबार हुने नेपाली मुद्रा पुनः नेपालमा आउन बट्टा अथवा सुनसित साटिने गरिन्छ।

नेपालसित सीमा जोडिएको सबै भारतीय बजारमा नेपाली मुद्रा निर्वाध रुपमा चलनमा रहेको छ। सीमावर्ती बजारमा नेपाली मुद्रामा नै वस्तुको मूल्य निर्धारण गरिएको हुन्छ। नेपाल र भारतबीच मुद्राको नै अवैध कारोबार गर्ने धन्दामा बारा र पर्सा जिल्लाका दर्जनौं युवा र महिलाहरु सक्रिय रहेका छन् ।

यसैबीच प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी)ले बारा जिल्लाको कलैया उपमहानगरपालिकाको वडा नम्बर ६ मा अवस्थित गुप्ता पेट्रोल पम्पको पूर्वपट्टी रहेको एउटा फर्मबाट हुण्डी र अवैध रुपमा सुन तस्करीको रकम भुक्तानी गरेको आरोपमा एक जनालाई पक्राउ गरेको छ।

सीआईबीले गतहप्ता नै कलैयामा पशुपति ट्रेड कन्सर्न सञ्चालन गरेका एक जनालाई पक्राउ गरेको छ । पशुपति ट्रेड कन्सर्नका सञ्चालक अरुणकुमार यादवलाई गत हप्ता पक्राउ गरिएको स्थानीय प्रहरीले पुष्टि गरेको छ। यादवको पशुपति ट्रेड कन्सर्न बाहिरबाट हेर्दा सामान्य जस्तो नै देखिन्छ। तर विद्युतीय माध्यमबाट १ वर्षमै झण्डै सवा अर्ब रुपैयाँको कारोबार गरेको पुष्टि हुने प्रमाण सीआईबीले फेला पारेको छ।

एक वर्ष भित्र यादवले १ अर्ब २० करोड ४२ लाख रुपैयाँ बराबरको कारोबार गरेको सीआईबी स्रोतले जनाएको छ। उनले पेवेलमार्फत १ अर्ब १७ करोड ३२ लाख र सजिलो-पेमार्फत् ३ करोड ३८ लाख रुपैयाँको कारोबार गरेको सीआईबीले जनाएको छ।

उनी पेवेल र सजिलो भुक्तानी सेवाका बाराको कलैया स्थित एजेन्ट हुन्। उनी पक्राउ परेसँगै पेवेल र सजिलो पेका सञ्चालक, कर्मचारी र एजेन्ट समेतगरी हालसम्म पक्राउ पर्नेको संख्या ७ पुगेको छ।

यसअघि पेवेलका एजेन्ट बुटवलस्थित जेके मनी ट्रान्सफरका सञ्चालक लालबहादुर कुँवर पक्राउ परेका थिए। उनले एक वर्षको अवधिमा ३ अर्ब ३४ करोडको कारोबार गरेको भेटिएको थियो।

हेर्दा सामान्य देखिने र वैध कारोबार पनि न्यून रहेको सो मनी ट्रान्सफरले एक वर्ष अवधिमा झण्डै साढे ३ अर्ब रुपैयाँको कारोबार गरेको पाइएपछि सीआईबीले उनलाई पक्राउ गरेको थियो।

नेपालमा पछिल्लो समय सुन तस्करीमा भारी वृद्धि भएको छ। सुन तस्करहरुको भुक्तानीमा विभिन्न अवैध मार्गहरुबाट अर्बौं रुपैयाँको कारोबार हुने गरेको छ । सीआईबीले ६० किलो सुन तस्करीको अनुसन्धानको क्रममा विभिन्न अवैध माध्यमहरु फेला पारेको छ ।

नेपाल राष्ट्र बैंकबाट स्वीकृति लिइ सञ्चालनमा रहेका पेवेल र सजिलो भुक्तानी सेवाको काठमाण्डुस्थित कार्यालयमा सीआईबीले छापामारे पछि देशको अन्य भागबाट समेत अर्बौं रुपैयाँको अवैध कारोबार भएको खुलेको छ।






# मुख्यमन्त्री सिंहद्वारा नवनिर्मित वैवाहिक धर्मशाला उद्घाटन



**टुडे समाचारदाता**

राजविराज । मधेस प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले कङ्कालिनी भगवती मन्दिर परिसरभित्र नवनिर्मित वैवाहिक धर्मशालाको आज उद्घाटन गरेको छ ।

सप्तरीको हनुमाननगर कङ्कालिनी नगरपालिका-१ भारदहमा रहेको मन्दिर परिसरमा रु एक करोडभन्दा बढी लागतमा निर्मित धर्मशालाको आज मुख्यमन्त्री सिंहले उद्घाटन गरेको हो ।

मन्दिर समितिका सदस्य विनोदकुमार रजकले धर्मशाला निर्माणकार्यमा विभिन्न सरकारी निकायको आर्थिक सहयोग रहेको जानकारी दिँदै धर्मशाला हलमा वैवाहिक, बैठक, सेमिनारलगायत करिब तीन सय जनाले एकैपटक सुविधा लिन पाउने व्यवस्था रहेको बताए ।

न्यून शूल्कमा विवाहका लागि आवश्यक सबै सुविधा, बेहुलाबेहुलीका लागि आराम कक्ष, भान्साघर, शौचालयलगायत सुविधा रहेका उनले जानकारी दिए ।

उद्घाटन समारोहमा मधेस प्रदेश सरकारका विनाविभागीय मन्त्री सकिल अलि, हनुमाननगर कङ्कालिनी नगरपालिकाका प्रमुख वीरेन्द्र माझी, बलान बिहुल गाउँपालिकाका अध्यक्ष खेमचन्द्र यादवलगायतको उपस्थिति रहेको थियो ।

# बिलबिजकभन्दा धेरै सामान ल्याउनेक्रम रोकिएन

वीरगञ्ज । सशस्त्र प्रहरी बल नेपाल नम्बर १३ गण हेडक्वाटर पर्साले चालु आर्थिक वर्षको साउनदेखि जेठसम्मको अवधिमा करिब रु साढे २७ करोड मूल्य पर्ने बिलबिजक नभएका सामान बरामद गरेको छ । सीमा सुरक्षामा खटिने सशस्त्र प्रहरी बलको सक्रियताले पछिल्लो समय दिनहुँजसो भन्सार छली गरेका तथा बिलबिजकमा भन्दा धेरै सामान ल्याएको सामग्री तथा उपकरण नियन्त्रणमा लिने क्रम ह्वात्तै बढेको हो । सशस्त्र प्रहरी बल नेपाल नम्बर १३ गण हेडक्वाटरका गणपति राधेश्याम धिमालले आव २०७९/ ८० को तुलनामा चालु आवको ११ महिनाकै अवधिमा अवैध चोरी, निकासी, पैठारीबाट रु तीन करोड सात लाख ३५ हजार नौ सय ४१ मूल्य पर्ने सामान तथा उपकरण बरामद गरेको बताउनुभयो ।

"भन्सार छली तथा चोरी पैठारी र बिलबिजकभन्दा धेरै सामान ल्याउनेलाई पक्राउ गरेर सम्बन्धित निकायमा बुझाउँदै आइरहेका छौँ", उहाँले भन्नुभयो, "चोरी-तस्करी गरेर भित्र्याएको सामानलाई पक्राउ गरेर वीरगञ्ज भन्सार कार्यालयलाई बुझाउँदै आइरहेका छौँ । बिलबिजक अनुसार नभएको सामान भने राजस्व अनुसन्धान कार्यालय पथलैयामा बुझाउँदै आइरहेका छौँ ।"

सशस्त्र प्रहरीले गत आवभरिमा भने रु २४ करोड ३८ लाख ४० हजार नौ सय ३१ मूल्य पर्ने अवैध सामान बरामद गरेको थियो । सशस्त्र प्रहरीले बरामद गरेको रेकर्ड हेर्दा सबैभन्दा धेरै चिसो पेयपदार्थ, लत्ताकपडा र प्याज र मेसिनरी पार्टपुजा धेरै तस्करी हुने गरेको देखाउँछ ।

गणपति धिमालले पर्सा जिल्लामा नेपाल भारत खुला सीमानाका भएकाले दुवै मुलुकमा चोरी तस्करी निमिट्यान्न पार्न नसकिए पनि नियन्त्रण गर्नका लागि अधिकत्तम प्रयास भने जारी राखेको बताउनुभयो । "हामीले आफूसँग भएको जनशक्तिलाई सीमा सुरक्षाको साथसाथै चोरी/तस्करी नियन्त्रणका लागि खटाउँदै आइरहेका छौँ । जसको परिणामस्वरुप पनि गत आवको तुलनामा चालु आवको ११ महिनामा अवैध बरामद भएको सामान तथा उपकरणको रेकर्डले पनि देखाउँछ", उहाँले भन्नुभयो ।



सशस्त्र प्रहरी बलले चालु आवको ११ महिनाको अवधिमा बिलबिजक अनुसार नभएको रु १५ करोड ४० लाख ४५ हजार दुई सय ६२ मूल्य पर्ने सामान तथा उपकरण पक्राउ गरेर राजस्व अनुसन्धान कार्यालय पथलैयामा बुझाएको छ । सोही अवधिमा भन्सार छली गरेर भित्रिएका रु १२ करोड पाँच लाख ३१ हजार छ सय १० मूल्य पर्ने सामान तथा उपकरण बरामद गरेर वीरगञ्ज भन्सार कार्यालयमा बुझाएको जनाएको छ ।

सशस्त्र प्रहरी बलले गत आवभरिमा भने बिलबिजक अनुसार नभएको रु १२ करोड ९५ लाख ६६ हजार तीन सय १६ मूल्य पर्ने सामान तथा उपकरण पक्राउ गरेर राजस्व अनुसन्धान कार्यालय पथलैयामा बुझाएको थियो ।

त्यस्तै गरी सोही वर्ष रु ११ करोड ४२ लाख ७४ हजार छ सय १५ मूल्य भन्सार छलीका सामान तथा उपकरण जफत गरेर वीरगञ्ज भन्सार कार्यालयमा दाखिला गरेको जनाएको छ ।

गणपति धिमालले चोरी तस्करी नियन्त्रण गर्नका लागि सक्रियतापूर्वक काम गर्दै आइरहेको बताउनुभयो । "पर्सा जिल्लामा एक सय सात किलोमिटर क्षेत्रफल भारतसँग सीमा जोडिएको छ ।

सीमित स्रोतसाधनको बाबजुत पनि हामीले चोरी तस्करी नियन्त्रणको प्रयास गर्दै आइरहेका छौँ", उहाँले भन्नुभयो । सशस्त्र प्रहरी सीमानाकामा सिसी क्यामेरालगायतका उपकरण जडान गरेर तस्करी नियन्त्रणको लागि प्रयास गर्दै पनि आइरहेको जनाएको छ । त्यस्तै गरी सीमानाका क्षेत्रमा दुई पटक स्वास्थ्य शिविर पनि सञ्चालन गरिसकेको छ ।रासस

# संसद्का कर्मचारीका माग सम्बोधन गराउन पहल गर्ने निर्णय



काठमाण्डु । सङ्घीय संसद् सचिवालयका कर्मचारीको सेवा सुविधासम्बन्धी उचित माग सम्बोधन गर्न पहल गरिने भएको छ। प्रतिनिधिसभाका सभामुख देवराज घिमिरे, राष्ट्रियसभाका अध्यक्ष नारायणप्रसाद दाहाल र पार्टीका प्रमुख सचेतक/सचेतकसहितको छलफलमा माग सम्बोधन गर्न पहल गर्ने निर्णय गरिएको हो ।

सिंहदरबारस्थित सभामुख घिमिरेको कार्यकक्षमा बसेको संसद्मा प्रतिनिधित्व गर्ने राजनीतिक दलका प्रतिनिधिको बैठकमा सङ्घीय संसद् सचिवालयका कर्मचारीले सेवा सुविधासम्बन्धी उठाएका आधारभूत मागलाई अर्थ मन्त्रालयसँगको परामर्शमा टुङ्ग्याउने सहमति भएको हो ।बैठकपछि नेपाली कांग्रेसका प्रमुख सचेतक रमेश लेखकले बिहान सबेरैदेखि राति अवेरसम्म काम गर्नुपर्ने भएकाले संसद्को कार्यप्रकृति फरक रहने हुँदा कर्मचारीले गरेको श्रम अनुरुपको सेवा सुविधा समयानुकूल परिमार्जन गरी उपलब्ध हुनुपर्छ भन्ने विषयमा सबैको एकमत रहेको जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "पन्ध्र वर्षअघि निर्धारण गरिएका कतिपय सेवा सुविधा परिमार्जन गरी उपलब्ध हुनुपर्छ भन्ने विषयमा सबै राजनीतिक दलबीच सहमति भएको छ ।" संसद् सञ्चालन गर्न सरकारले आवश्यक अर्थको प्रबन्ध गर्नुपर्नेमा जोड दिँदै प्रमुख सचेतक लेखकले प्राप्त बजेटलाई संसद्ले पनि मितव्ययी ढङ्गले खर्च गर्न सुझाव दिनुभयो । नेकपा (एमाले) का प्रमुख सचेतक महेशकुमार बर्तौलाले सङ्घीय संसद् सचिवालयका कर्मचारीले उठाउनुभएका न्यायोचित माग पूरा गर्नुपर्छ भन्नेमा सबै दलबीच मतैक्यता भएको प्रतिक्रिया दिनुभयो ।

उहाँले भन्नुभयो, "न्यायोचित माग पूरा गर्न सरकारले आवश्यक बजेट विनियोजन गर्नुपर्छ । उपलब्ध सेवा सुविधालाई समयानुकूल तुल्याउनुपर्छ ।" राष्ट्रियसभामा नेकपा (माओवादी केन्द्र) का सचेतक गोपी अछामीले संसद् सेवामा कार्यरत राष्ट्र सेवक कर्मचारीले उठाएका आधारभूत माग अर्थ मन्त्रालयसँग छलफल गरी टुङ्ग्याउनुपर्छ भन्नेबारे बैठकमा सबैको एउटै धारणा रहेको बताउनुभयो ।

सङ्घीय संसद् सचिवालय कर्मचारी युनियनका अध्यक्ष गोविन्द बेल्वासेले भने कर्मचारीका मागका सन्दर्भमा सभामुख, अध्यक्षसहितका पदाधिकारीसँग भएको प्रारम्भिक छलफलमा अर्थ मन्त्रालयसँग परामर्श गरी जानकारी गराउने भन्ने सूचना मात्र प्राप्त भएकाले कुनै सहमति नभएको स्थितिमा आन्दोलन फिर्ता नभएको प्रतिक्रिया दिनुभयो । अतिरिक्त कामबापत्को प्रोत्साहन भत्ता दिइनुपर्नेगायत ११बुँदे माग राखी युनियनले आन्दोलन गर्दै आएको छ । युनियनको हालको सबै माग सम्बोधन गराउन वार्षिक करिब रु १० करोड थप व्ययभार लाग्ने अनुमान गरिएको छ ।रासस

# प्रधानमन्त्रीसँग विश्व बैंकका वरिष्ठ प्रबन्ध निर्देशकको शिष्टाचार भेट

काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'सँग विश्व बैंकका वरिष्ठ प्रबन्ध निर्देशकएक्सेलभानट्रोस्टसेन्बर्गले शिष्टाचार भेट गर्नुभएको छ । बालुवाटारमासोमबारसाँझभएको भेटमा उहाँहरूबीच नेपालको विकास र विश्व बैंकले नेपाल पुऱ्याउँदै आएको सहयोगलगायत विविध विषयमा छलफल भएको प्रधानमन्त्री दाहालको सचिवालयले जनाएको छ।

सो अवसरमा प्रधानमन्त्री दाहालले स्थिर विकास साझेदार विश्व बैंकले विगत छ दशकभन्दा बढी समयदेखि नेपालको विकास र वित्तपोषणमा भरपर्दो स्रोत उपलब्ध गराउँदै आएको बताउनुभयो । आफू नेतृत्वको सरकारले आगामी आर्थिक नीति र बजेटमार्फत आर्थिक सुधारको थालनी गरेको बताउँदै उहाँले वैदेशिक लगानी र विवेकपूर्ण वित्तीय व्यवस्थापनका लागि नेपालमा अनुकूल वातावरण सिर्जना गर्ने विश्वास दिलाउनुभयो ।

प्रधानमन्त्रीले ऊर्जा, पर्यटन, कृषि व्यवसाय, र सूचनाप्रविधिजस्ता क्षेत्रहरूमा लगानी गर्दा तुलनात्मकरूपमा फाइदा लिन सकिने बताउनुभयो । नेपालमा जलवायु परिवर्तनको असरबाट नराम्रोसँग प्रभावित भएको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले जलवायु न्यायका लागि नेपालले निरन्तर विभिन्न अन्तर्राष्ट्रिय मञ्चमार्फत वकालत गर्दै आएको र त्यसमा विश्व बैंकको महत्त्वपूर्ण सहयोग रहने विश्वास व्यक्त गर्नुभयो ।



सो अवसरमा विश्व बैंकका निर्देशक ट्रोस्टसेन्बर्गले नेपालको आर्थिक विकासमा विश्व बैंकबाट आवश्यक पर्ने सहयोग गर्न तयार रहेको बताउनुभयो । यही असार ४ गतेदेखि ७ गतेसम्म काठमाडौँमा हुने 'आइडिए (अन्तर्राष्ट्रिय विकास सङ्घ) २१ पुनःपूर्ति (रिप्लेनिसमेन्ट)' बैठकका विषयमा पनि सो अवसरमा छलफल भएको छ ।

बैठकमा विश्व बैंकका वरिष्ठ प्रबन्ध निर्देशक ट्रोस्टसेन्वर्गलगायत उच्च पदाधिकारीसहित ६१ देशका दुई सयभन्दा बढी प्रतिनिधिहरूको सहभागिता रहनेछ ।बैठकको उद्घाटन समारोहलाई प्रधानमन्त्री दाहालले सम्बोधन गर्ने कार्यक्रम छ । बैठकले आगामी तीन वर्षसम्म नेपाललाई प्रदान गर्ने अनुदान, सहुलियतपूर्ण ऋण एवं अन्य सहयोगका प्राथमिकताबारे छलफल हुनेछ ।रासस

# कृषि विश्वविद्यालयका एक हजारभन्दा बढी विद्यार्थी दीक्षित

चितवन । कृषि तथा वन विज्ञान विश्वविद्यालयका एक हजार ५९ विद्यार्थी दीक्षित भएका छन् । प्रधानमन्त्री एवं विश्वविद्यालयका कुलपति पुष्पकमल दाहाल 'प्रचण्ड'ले उहाँहरुलाई दीक्षित गर्नुभएको हो ।

कार्यक्रममा प्रमुख अतिथिका रुपमा सिक्किम स्किल विश्वविद्यालयका उपकुलपति प्रा डा अजयकुमार मिश्र उपस्थित हुनुभएको थियो । सो अवसरमा स्नातक तह उत्तीर्ण सात सय ९८ जना दीक्षित हुनुभयो। विश्वविद्यालयका उपकुलपति प्रा डा पुण्यराज रेग्मीका अनुसार कृषि संकायतर्फ पाँच सय ६८, पशु चिकित्सातर्फ ४७, मत्स्य विज्ञानका २६ जना र वन विज्ञानका एक सय ५७ जना विद्यार्थी दीक्षित हुनुभएको हो।



स्नातकोत्तरतर्फ कृषिका एक सय २३ जना, पशु चिकित्साका ३६, पशु विज्ञानका २० जना, मत्स्य विज्ञानका १३ जना र वन विज्ञानका ६० गरी दुई ५२ विद्यार्थी दीक्षित हुनुभएको छ । विद्यावारिधिमा दीक्षित हुनुभएका नौ जनामध्ये आठ जना कृषि र एक जना विद्यार्थी वन विज्ञानका हुनुहुन्छ ।

विश्वविद्यालयको यो चौथो दीक्षान्त समारोह हो । विसं २०६७ असार ३ गते विश्वविद्यालय स्थापना भएको हो । रेग्मीले स्थापना दिवसका दिन दीक्षान्त समारोह सुरु गरेसँगै अब नियमित दीक्षान्त समारोह हुने विश्वास व्यक्त गर्नुभयो । सो अवसरमा साहित्यिक कार्यक्रम, रक्तदान, वृक्षारोपण पनि गरिएको थियो । विश्वविद्यालयमा यही असार ४ र ५ गते अन्तर्राष्ट्रिय सम्मेलन पनि आयोजना हुँदैछ ।रासस

## तपाईंको आज

पण्डित : बम जी

| | |
|---|---|
| मेष | : धन वृद्धि सञ्चय । |
| बृष | : प्रेम प्रसंग, मित्र सुख । |
| मिथुन | : सुख समृद्धि हुने । |
| कर्कट | : भ्रमण अवसर हुने । |
| सिंह | : अवसर प्राप्त । |
| कन्या | : वाद विवादबाट बच्नु । |
| तुला | : पुरस्कार प्राप्त लाभ । |
| वृश्चिक | : नयाँ कार्य हुने । |
| धनु | : बौद्धिक क्षमता । |
| मकर | : प्रतिभा सम्पन्नता । |
| कुम्भ | : शिक्षामा उन्नति । |
| मीन | : पारिवाहिक सुख । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू



जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



पूर्व-पश्चिम रेलमार्गका लागि महोत्तरी जिल्लाको **बर्दिबास** भित्री शहरको सडकमाथि बनाइएको 'ओभरब्रिज' । यस पुलको मुनिबाट अन्य सवारीसधान तथा यात्रुहरू ओहरदोहर गर्छन् भने माथिबाट रेल चल्नेछ । *तस्बिरःरासस*

# अवैध सुन र नगद सहित एक पक्राउ

**टुडे समाचारदाता**

जनकपुरधाम । भारी मात्रामा सुन बरामद भएको प्रकरणमा अवैध सुन सहित थप एक जना पक्राउ परेको छ ।पक्राउ पर्नेमा काठमाण्डौ ६मा डेरा गरि बस्ने चिनिया नागरिक शेरब ग्याल्मो भन्ने सोनाम गुरुङ भन्ने व्यक्ति पक्राउ परेका हुन् । नेपाल प्रहरी प्रधान कार्यालय केन्द्रिय अनुसन्धान व्युरोले दिएको जानकारि अनुसार गत वर्ष श्रावण २ गते बरामद भएको ६० केजी अबैध सुनको थप अनुसन्धानको क्रममा अवैध सुन विक्री वापत अवैध सुनको भुक्तानी युएसडीटीबाट दिने मानिसहरुको खोजतलास गर्ने क्रममा आफुलाई चिनिया नागरिक भन्ने गुरुङ पक्राउ परेका छन् ।उनी बस्दै आएका काठमाण्डौ ६ बौद्ध तिनचुली चारघरे स्थित डेरामा प्रहरीले खानतलासी गर्दा एक एक किलोको ६ थान सुनको विस्कुट र नगद ४८ लाख बरामद भएको प्रहरीले जनाएको छ ।



खानतलासीको क्रममा तीन थान मोवाईल र सोनाम गुरुङकै नाममा रहेको नेपाली नागरिकताको प्रमाणपत्र बरामद भएको प्रहरीले जनाएको छ । प्रहरीका अनुसार गुरुङ अवैध सुन भन्सार चौरी पैठारी अन्तरगत काम गर्दै आएको थियो ।

# सर्पदंश उपचार केन्द्रलाई निःशुल्क औषधि

**टुडे समाचारदाता**

महोत्तरी । सर्पदंशका बिरामीको उपचारमा सहयोग पुऱ्याउनका लागि बर्दिबास नगरपालिकाले निःशुल्क औषधि उपलब्ध गराउने भएको छ ।

बर्दिबास नगरपालिका-३ को वडा कार्यालयले निःशुल्क औषधी उपलब्ध गराउने जनाएको छ । वडाध्यक्ष विराट विष्टले गौरीडाँडास्थित सर्पदंश उपचार केन्द्रका अध्यक्ष कृष्णप्रसाद देवकोटालाई उपचारका लागि आवश्यक १४ प्रकारको औषधि सोमबार हस्तान्तरण गरेका थिए ।



औषधि हस्तान्तरणका क्रममा विष्टले वडाका १६ हजार जनतालाई सर्पदंशको निःशुल्क सेवा उपलब्ध गराउने उद्देश्यले औषधि सहयोग गरेको बताए । अहिलेलाई करिब ३१ हजार मूल्य बराबरका औषधि उपलब्ध गराएको छ ।

स्थापना कालदेखि देश विदेशका हजारौं बिरामीको सफल उपचार गर्दै आए पनि सधैं उपेक्षामा परेको गौरीडाँडा सर्पदंश उपचार केन्द्रले सहयोगका लागि तीनै तहका सरकारलाई आग्रह गरेको उनले बताए ।

केन्द्रका अध्यक्ष देवकोटाले आर्थिक संकटका कारण अनेकन समस्या बेहोर्दै आएको सर्पदंश उपचारका लागि वडाबाट प्राप्त निःशुल्क औषधि प्राणवायु सरह भएको बताए । देवकोटाले जनाए अनुसार आर्थिक वर्ष ०७१/७२ देखि गएको जेठ महिनासम्म २९ हजार ९८ जना सर्पदंश र ९०३ जना खजुरो तथा बिच्छीले टोकेको गरी ३ हजार १ जनाको उपचार गरी सकेको यो उपचार केन्द्रमा समस्या रहेका छन् ।

मासिक खर्च नै ३५ हजार रुपैयाँ बढी लाग्छ । सर्पदंशको उपचारमा ४८ प्रकारका औषधि आवश्यक हुन्छन् । एन्टी स्नेक भेनम बाहेकका ४७ प्रकारका औषधि उपचार केन्द्रले किन्नु पर्छ । बत्ती, पानी, परिचर, उपचार सामग्री सबै गरेर वर्षको करिब ९ लाख रुपैयाँ खर्च हुन्छ । सहयोग कतैबाट नभएको उनले गुनासो गरे ।

भारतको सीतामढी जिल्लादेखि पहाडी भेग दोलखा, रामेछाप, सिन्धुली र मधेशका महोत्तरी, धनुषा, सर्लाहीदेखिका सर्पदंशका बिरामीको भीड रहने सो उपचार केन्द्रमा नेपाली सेनाका ६ जनाले २४ घण्टे सेवा दिँदै आएको छ ।

# बजार व्यवस्थित नहुँदा सडकमै आँप किनबेच

सिरहा । आँपको राजधानी मानिने सिरहाको लहानमा आँप बिक्रीवितरण गर्ने व्यवस्थित ठाउँ नहुँदा व्यापारी र उपभोक्ताहरु सडकमै किनबेच गर्न बाध्य छन् । असार र साउन आँपको सिजन भएकाले यतिबेला लहानको मुख्य बजारअन्तर्गत पर्ने पूर्व–पश्चिम राजमार्गको सडक किनारमा आँप खरिद बिक्री गर्नेको भीड लाग्ने गरेको छ ।



सडक किनारमा आँप बिक्री वितरण गर्दा सवारी आगमनमा असर परेको छ। दुर्घटनाको जोखिम उत्तिकै बढेको स्थानीयवासी बताउँछन् । "दिनानुदिन आँप व्यापारीहरुले सडक क्षेत्र मिचेका छन् । यसले गर्दा सवारी आगमनमा समस्या भई दुर्घटनाको जोखिम बढिरहेको छ," जिल्ला ट्राफिक प्रहरी कार्यालय प्रमुख डम्बरबहादुर पुरीले भन्नुभयो, "व्यापारीलाई हामीले कारबाही गर्न मिल्दैन । स्थानीय बजार व्यवस्थापनको जिम्मेवारी पालिकाको भएकाले लहान नगरपालिकासँग समन्वय गरी सवारी आगमन सहज बनाउन पहल गरिरहेका छौं ।"

स्थानीय व्यापारीहरु भने आँप खरिद बिक्रीका लागि व्यवस्थित ठाउँ नतोकिँदा सडक पेटीमै बसेर बिक्रि गर्न बाध्य भएको बताउँछन् । "आँप बिक्री गर्ने उपयुक्त ठाउँ तोकिएको भए त्यहाँ राखेर बिक्री गर्नुहुन्थ्यो । सडक पेटीमा बसेर आँप बेच्न नगरपालिकालाई कर तिरिरहेका छौं," स्थानीय व्यापारी रविन महतोले भन्नुभयो । उहाँले नगरपालिकाले व्यवस्थित ठाउँ बनाई दिए सहज हुनेसमेत बताउनुभयो ।

स्थानीय उत्पादनलाई प्रवर्द्धन र किसानलाई प्रोत्साहन गर्न लहानमा उत्पादित आँपको 'ब्रान्डिङ' सुरु गरिएको छ । आँपको सङ्कलन, 'ग्रेडिङ', 'प्याकेजिङ', 'ब्रान्डिङ' तथा बजारीकरण गरी लहानको आँपलाई नेपाली बजारमा पहिचान दिलाउने र उपभोक्ताले विषादीरहित शुद्ध आँप उपभोग गर्ने वातावरण मिलाइरहेको नगरपालिकाले जनाएको छ, तर स्थानीय बजार व्यवस्थापन गर्न नसक्दा व्यापारी, उपभोक्ता तथा यात्रुले समस्या खेप्नु परेको नगरपालिकाका कृषि शाखा प्रमुख प्रकाश साह हलुवाईले बताउनुभयो । "नजिकै खाली जग्गा नहुँदा समस्या भएको छ," प्रमुख हलुवाईले राससलाई भन्नुभयो, "व्यवस्थित बजार बनाउन सम्भव भइरहेको छैन । हामी यसलाई कसरी व्यवस्थित गर्न सकिन्छ भनेर उपाय खोजिरहेका छौं । अहिले आँप खरिद बिक्रि भइरहेको ठाउँलाई पनि सडक क्षेत्रमा असर नपुग्ने गरी कम्तीमा दश फिट पछाडि सार्न सकिन्छ । त्यसका लागि पहल गरिरहेका छौं ।"

लहान बजारको उत्तरतर्फ खुट्टीखोला किनारमा नगरपालिकाले लामो समयदेखि हाटबजार सञ्चालन गर्दै आएको छ । प्रत्येक साताको सोमबार र शुक्रबार दुई दिन हाटबजार लाग्ने सो स्थान बढ्दो जनघनत्वसँगै साँघुरो भएको हो । त्यसैले पूर्व–पश्चिम राजमार्गमा तरकारी तथा आँप व्यापारीले सडक ढाक्ने गरेको स्थानीयवासी सन्तोष गुप्ताको भनाइ छ ।

नगरप्रमुख महेशप्रसाद चौधरीले पकेट क्षेत्रका रुपमा उत्पादन हुने लहानको आँप बजारलाई व्यवस्थापन गर्नुको विकल्प नरहेको बताउनुभयो । "हामीसँग राजमार्ग क्षेत्रमा सार्वजनिक जग्गा अभाव छ । निम्नवर्गका सर्वसाधारणले सडक क्षेत्रमै साना व्यवसाय गरेर आयआर्जन गर्ने गरेकाले व्यवस्थापनमा चुनौती देखिएको छ," मेयर चौधरीले भन्नुभयो, "तसर्थ चाँडै सडकक्षेत्र मिचिएर राखिएका आँपको व्यवस्थापनका लागि ठोस नीति बनाएर उचित विकल्प दिने गरी अघि बढ्छौं ।"रासस

## राष्ट्रिय मुक्ति क्रान्तिको एकमहिने १०१ कार्यक्रम सम्पन्न

**टुडे समाचारदाता**

काठमाडौं । राष्ट्रिय मुक्ति क्रान्तिको दोस्रो चरणको १०१ कार्यक्रमहरु देशव्यापीरुपमा सम्पन्न भएको छ ।

राष्ट्रिय मुक्ति क्रान्तिका संयोजक राजेन्द्र महतोले सोमबार प्रेस विज्ञप्ति जारी गर्दै दोश्रो चरणको १०१ वटा कार्यक्रमहरू सम्पन्न गर्ने कार्ययोजना वमोजिम देशभरी कार्यक्रमहरू सफलतापूर्वक सम्पन्न भएकोमा सम्पूर्ण नेता, अभियन्ता, जनसमुदाय तथा सहयोगी, शभेच्छुक, शुभचिन्तक, पत्रकार हरूलाई हार्दिक आभार सहित धन्यवाद ज्ञापन गरेका छन् ।

यसै सन्दर्भमा असार ४ गते केन्द्रिय कार्यक्रम अन्तर्गत काठमाडौंमा विशाल जनप्रदर्शन गर्ने कार्यक्रम तय भएकोमा देशभरिको कार्यक्रमहरुमा सबै नेतृत्वहरू व्यस्त रहेकोले पर्याप्त तयारी हुन नसक्दा हाल सो कार्यक्रम स्थगन गर्ने निर्णय भएवमोजिम कार्यक्रम स्थगन गरिएको महतोले जनाएका हुन् ।काठमाडौंको विशाल जनप्रदर्शन कार्यक्रमको मिति पुनः छलफल गरि सार्वजानिक गरिने उनले बताए ।साथै, महतोले इस्लाम धर्मावलम्बीहरूको महान पर्व वकर ईदको पावन अवसरमा सुख, समृद्धि एवम् शान्तिको मंगलमय हार्दिक शुभकामना व्यक्त गरेका हुन् ।

# सामुदायिक वन जोगाउन अभियान



**टुडे समाचारदाता**

जलेश्वर । डिभिजन वन कार्यालय महोत्तरीले सामुदायिक वनलाई संरक्षण सम्वर्द्धन गर्दै आयमूलक र उत्पादनशील बनाउनका लागि दीगो वन व्यवस्थापनका लागि स्थलगत अभियान सुरु गरेको छ ।

सो कार्यालयले सामुदायिक वनलाई सदुपयोग गर्दै आर्थिक रुपमा सबल र सक्षम बनाउन समितिहरुको वन क्षेत्रमै पुगेर पहिलोपटक सैद्धान्तिक कक्षा र प्रयोगात्मक अभ्यास गराएको छ ।

बर्दिबास- ३ स्थित सुदूर उत्तरी क्षेत्रमा पर्ने अर्ने भुल्के सामुदायिक वन पर्साईधापमा सोमबारदेखि सुरु गरिएको कार्यक्रममा कारे भोगटे, रातु महिला, दही खोल्सी, काली दमार, मर्का उर्रा लगायतका सामुदायिक वनका पदाधिकारीको सहभागितामा वन संरक्षण र सदुपयोगबारे सैद्धान्तिक र प्रयोगात्मक अभ्यास गराइएको छ । पर्यावरणीय दृष्टिले अत्यन्तै सम्वेदनशील मानिने चुरे क्षेत्रमा डढेलो नियन्त्रण, वन्यजन्तु संरक्षण, झाडी सफाई, अग्नी रेखा (फायर लाईन) जस्ता विविध पक्षबारे सैद्धान्तिक सिकाई र फिल्ड अभ्यास गराइएकाले कार्यक्रम शिक्षाप्रद एवं उपलब्धिमूलक रहेको सहभागीहरुले जनाए ।

डिभिजन वन कार्यालयका प्रमुख सन्तोष झाले वन क्षेत्रका ढुंगा माटोदेखि रुखविरुवा, जडिवुटी, वन्यजन्तु र चराचुरुंगीको संरक्षण र सम्वर्द्धन पनि सामुदायिक वनको दायित्व भित्र पर्छ ।

प्रचलित वन ऐन र नियम कानुनको दायरामा रहि सामुदायिक वन उपभोक्ता समितिले आफनो कार्ययोजनाको आधारमा वन संरक्षण सम्वर्द्धन गर्न सहयोग मिलोस भनि दीगो वन व्यवस्थापनका लागि पहिलेपटक स्थलगत अभ्यास गराइएको छ । स्थलगत अभ्यासले सामुदायिक वनलाई आर्थिक रुपमा सक्षम र आत्मनिर्भर वनाउन पनि सहयोग पुग्ने डिएफओ झाले बताए ।

# धावनमार्गमा स्याल देख्दा जहाज क्यान्सिल, पछि पुनः सुचारु



**टुडे समाचारदाता**


जनकपुरधाम । जनकपुर विमानस्थलको धावनमार्गमा स्याल कुदेको देखेपछि जहाज रोकिएको छ । सोमबार विहान १० बजे तर्फ धावनमार्गमा स्याल देखिएपछि विमानका चालकले टेक अफ क्यान्सिल गरेको थियो ।

जनकपुरधामबाट काठमाण्डु आउन लागेको बुद्ध एयरको ५०४ जहाज धावनमार्गमा २०० मिटर जति गुडिसकेपछि स्याल देख्दा जहाज नै अकस्मात रोकेको थियो ।

जहाज अकस्मात रोकिँदा चालकले टेक अफ क्यान्सिल गरेको केही घन्टा पछि पुनः उडान भरेको थियो । बुद्ध एयरका सूचना अधिकारी दीपेन्द्र कर्णले दिएको जानकारी अनुसार स्याल देखिएपछि उडान सुरक्षा मापदण्ड अनुसार टेकअफ बन्द गरिएको थियो ।

त्यसपछि सुरक्षित रुपमा पुनः जहाज काठमाण्डुका लागि उडेको थियो ।





**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ। जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन॥**

## सम्पादकीय

# मधेशी नेतामा हीनताभाव

मधेशलाई आधार बनाएर राजनीति गर्ने नेताहरु विचल्लीमा परेका छन् । उनीहरुको भित्री उद्देश्य मधेशलाई सम्भ्रान्त र अधिकार सम्पन्न बनाउने रहे पनि समयमै निर्णय लिन नसक्दा आफै अन्योलमा परेका छन् । मधेशलाई वेश बनाएर राजनीति प्रारम्भ गरेका अधिकांश नेताहरु लक्ष्यबाट विमुख भएका छन् । केही ठूला दलहरुमा आश्रित भएका छन् । केही ओझेलमा परेका छन् । केही ठूला दलका नेताहरुका लागि मधेशीलाई अल्मलाउने काम गरिरहेका छन् । लक्ष्य निर्धारण र त्यसका लागि उपयुक्त मार्गको चयन गर्नु राजनीतिमा सर्वाधिक महत्वपूर्ण हो । मधेशमा भएको मधेश आन्दोलन, मधेश विद्रोह, सशस्त्र विद्रोह, शान्तिपूर्ण धर्ना प्रदर्शनलगायतको उपलब्धिको रुपमा संघीयतालाई लिनुपर्छ । मधेशीले पाएको आरक्षणको पनि पूर्ण कार्यान्वयन हुन सकेको छैन । संविधान प्रदत्त अधिकारहरु पनि उपभोग गर्न सकिरहेको छैन । विभेद बढेको नै छ । तर नेताहरु विभाजित छन् । ठूला दलमा कार्यकर्ता भएर काम गर्न रुचाउने मधेशी नेताहरु मधेश केन्द्रित दलमा नेता भएर पनि असन्तुष्ट रहने गरेका छन् । मधेशी नेताहरुमा व्यक्तिगत स्वार्थ र हीनभावनाले प्राप्त उपलब्धिहरु गुम्ने उच्च जोखिम छ । मधेशी नागरिकले नेपाली हुँ भने प्रमाणित गर्न संघर्ष गर्नु परिरहेको छ । विभिन्न दलहरुमा रहेका मधेशी नेता उपेक्षित हुनुको कारण उनीहरुमा देखिएको मधेशी नेताप्रतिको इर्ष्या र हीनभावना हो । मधेशी जनअधिकार फोरम, तराई मधेश लोकतान्त्रिक पार्टी, जनमत पार्टी, नेपाल सद्भावना पार्टीलगायत मधेशका नेताहरुले स्थापना गरेका दलहरु प्रारम्भमा अत्यन्त शक्तिशाली र ठूलो परिवर्तन ल्याउने भय उत्पन्न गर्न सक्ने थियो । तर सबै दलले सत्ताका लागि हतार गर्दा कमजोर हुँदै अस्तित्व जोगाउन समेत कतिपय दलहरुलाई धौ धौ परिरहेको छ । कतिपय दलको अस्तित्व समाप्त नै भइसकेको छ । राजनीति गर्नेहरुको लक्ष्य सत्ता प्राप्ति पनि हो । जनविश्वासलाई इमान्दारीपूर्वक कायम राख्न सके सत्ता टाढा होइन । तर सत्ताकै लागि जनाधारको दुरुपयोग गर्दा त्यसले क्षति बाहेक केही हुँदैन । राजनीतिक लक्ष्यबाट विमुख भए पनि तत्काल हालीमुहाली छन् । तर त्यो दीर्घकालीन हुन सक्दैन । मधेशमा राजनीति गर्ने दलका नेताहरुमा निष्ठाको चरम अभाव छ । मधेशी जनता फेरि पनि ठूला दलहरुप्रति आकर्षित हुन थालेका छन् । त्यसको प्रमुख कारण मधेशी नेतामा आएको विचलन नै हो । मधेशमा अझै पनि अधिकारका लागि सचेत गराउनु पर्ने छ । आफ्नो अधिकारबारे अनभिज्ञ रहेका मधेशी जनतालाई ठूला दलहरुले भ्रमित गर्न मधेशी नेताहरुलाई नै प्रयोग गर्दै आएका छन् । त्यसलाई बुझौँ मधेशीको हित गर्ने र अहित गर्नेको पहिचान गरौँ ।

# बजेट बारे केही कुरा



रोशन जनकपुरी

गत सनिवार असार ३ गते मधेशप्रदेशका अर्थमन्त्रीले आ.व.०८१/८२को बजेट प्रस्तुत गरे । बजेट मधेश मधेश भएको छ । कतिसम्म भने भाषाको क्षेत्रमा अस्तित्वमा नै नभएको मधेशी भाषाको समेत उल्लेख हुन पुगेको छ । बजेट तयार पार्नेहरुले मधेशी राजनीतिक एजेन्डाप्रतिको निकटता देखाउन खोज्ने क्रममा भाव विह्वलतामा यस्तो भएको हुनु पर्छ । तर यसले गर्दा मधेशप्रदेशका जनताले बोल्ने भाषाहरु मैथिली, भोजपुरी, बज्जिका, मगर, तामाङ्ग लगायतका मातृभाषाहरु बजेटमा उल्लेख हुन छुटेको छ ।

हुन त मधेश केन्द्रित दलहरुको भाषिक सांस्कृतिक प्रवृत्ति विचार गर्दा उनिहरु मैथिली, भोजपुरी लगायतका मातृभाषाहरुलाई प्रत्यक्ष सम्बोधन गर्नबाट बच्न खोजेको जस्तो देखिन्छन् । उनीहरु मैथिली र भोजपुरी लगायतका विविध भाषिक साहित्यिक र सांस्कृतिक कार्यक्रममा गइरहेकै हुन्छन् । तर भाषा र संस्कृतिको नाममा उनीहरु कुनै अदृश्य दबाबमा परे जस्तो देखिन्छन्, र संस्कृति, भाषा, इतिहास, जनभावना, सबै थोकलाई एउटा शब्द 'मधेश'को घेराभित्र समेट्न खोज्छन् । फेरीपनि यी मातृभाषाहरु आखिर मधेशप्रदेशभित्रकै जनताले बोल्ने भाषाहरु भएको हुनाले चुनावी लोकप्रियताको दृष्टिले नै भएपनि मधेशको नाममा क्षेत्रीय राजनीति गर्नेहरुले मातृभाषाहरुको उपेक्षा गर्न गाह्रो छ । यस दृष्टिले विचार गर्ने हो भने 'मधेशी भाषा' को ठाउँमा 'मधेश प्रदेशमा बोलिने मातृभाषाहरु' ; अथवा सम्पूर्ण तराईलाई 'मधेश'को राजनीतिक एजेन्डालाई प्रतिबिम्बन गर्ने गरी भन्ने हो भने ' मधेशमा बोलिने मातृभाषा/भाषा' लेखिनु उचित हुने देखिन्छ । यसभन्दा भिन्न यस प्रदेशका सबै थोकलाई 'मधेश'को अमूर्त्तताभित्र राख्न र यसै अमूर्त्त राजनीतिक उत्तेजनालाई वर्चस्वको हतियार बनाउन खोज्ने हो भने भन्नु केही छैन । तर यो मधेश प्रदेशको ऐतिहासिक यथार्थ र जनसमुदायको सांस्कृतिक विकासको उपेक्षा गर्नु हुनेछ ।

निश्चय नै 'मधेश' तराईमधेशमा एउटा राजनीतिक यथार्थ हो, जस्को नाममा दक्षिणी नेपालका रैथाने जनताहरुले परम्परागत शासकीय शोषण र भेदभावबाट मुक्त हुन एउटा एजेन्डाको तहत राजनीतिक संघर्ष र विद्रोह गरेका हुन् । तराई मधेशका जनताहरुको यस संघर्षको राजनीतिक उपलब्धिको रुपमा हालको 'मधेश प्रदेश' हो । यस दृष्टिले ' मधेश' नेपाली राजनीतिमा राजनीतिक सांस्कृतिक शब्दावली तथा क्षेत्रीय राजनीतिक दृष्टिकोणले एकीकृत भावको अभिव्यक्ति हो । अझ मधेशप्रदेशको गठन भएपछि पर्सादेखी सप्तरीसम्मका जनताहरुको साझा राजनीतिले नयाँ प्रकारको साझा अन्तर्विरोध र सहकार्यको अवसर र मधेशप्रदेशको साझा भावनाहरुको विकासको अवसर सृजना गरेको छ । यस दृष्टिले यस प्रदेशको राजनीतिक इतिहासलाई मधेशप्रदेशको राजनीतिक इतिहास वा साझा भावलाई मधेशप्रदेशको साझा राजनीतिक संस्कृति भन्न सकिएला । एउटा यस्तो साझा भाव, जस्मा यस प्रदेशमा बस्ने मैथिली, भोजपुरी, मगर, तामाङ्ग, मुस्लिम लगायत सबै भाषिक सास्कृतिक सांस्कृतिक समुदायको साझा सम्बोधन हुन्छ ।

तर तराई मधेशको अर्को ऐतिहासिक सांस्कृतिक यथार्थ के हो भने यस प्रदेशको ऐतिहासिक, भाषिक र सांस्कृतिक विकासका सुस्पष्ट धारा छ । विदेह वा मिथिला, बज्जि गणतन्त्र, तिरहुत वा सिम्रौन गढको इतिहासको धारामा यस क्षेत्रका जनसमुदायको विविध भाषिक र सांस्कृतिकधारा यस प्रदेशको सांस्कृतिक भाषिक विगत हो । मैथिली, भोजपुरी, बज्जिका, मगर, तामाङ्ग, आदि यिनै ऐतिहासिक धारामा विकसित भएका हुन् ।

एउटा प्रश्न कयौंको मनमा होला, के 'मधेशी भाषा'को अस्तित्व छ वा छैन ? यस प्रदेशमा 'मधेशी भाषा' नामको कुने भाषा विशेषको अस्तित्व छैन । तर, दक्षिणएसिया, विशेष गरी उत्तरी भारत र नेपालको पहाडी क्षेत्र समेतमा बोलिने भाषाहरुको अनुसन्धान गर्ने उन्नाइसौं शताब्दीका एकजना प्रसिद्ध अनुसन्धाता जर्ज ग्राहम ग्रियर्सनले 'छिमेकी भारत हालको बिहार राज्यमा गन्डकी किनारमा सारण जिल्ला र पूर्वी गोरखपुर, ढाका थाना क्षेत्रको दुईमाइल चौडा र अठार माइल लामो भूभागमा बोलिने तिरहुतको मैथिली र गोरखपुरको भोजपुरी मिश्रित भाषालाई त्यस भेगमा 'मधेशी' भन्ने गरिएको'कुरा 'लिङग्विस्टिक सर्वे अफ इन्डिया' नामक अनुसन्धान कृतिमा उल्लेख गरेका छन् । ग्रियर्सन आफैले भने यसलाई भोजपुरी प्रवृत्ति भएको मैथिली भनेका छन् । उनले यस्को कारणको रुपमा सारण जिल्लाको यस भूभागलाई प्राचीन मिथिलाको भूभाग हुनुभनेका छन् । लाग्छ मधेशको क्षेत्रीय राजनीति गर्ने राजनीतिक दलहरु र सम्भव छ यो बजेट तयारगर्ने समूहमा भाषा र इतिहासबारे अन्यौल वा अज्ञानता जस्तो छ । हुन त यो बजेट प्रस्तुत गर्ने अर्थमन्त्री माओवादी केन्द्रबाट छन्, र उनले माओवादी जनयुद्धमा सक्रिय भाग लिएर जनराजनीतिको मर्म बुझेका छन् । अर्थमन्त्री नै किन, मधेश सरकारमा सहभागी अन्य राजनीतिक दलहरुले समेत मैथिली, भोजपुरी लगायत मधेश प्रदेशका मातृभाषी समुदायसंग परिचित छन् नै ।आखिर उनीहरु आफूपनि यसै प्रदेशका भाषिक समुदायबाट आएका छन् ।

> बीरगन्ज, जनकपुर र राजविराज जस्ता मधेश प्रदेशका ठुलासाना सहरहरुमा दैनिक ज्यालादारीमा काम खोज्ने मजदूरहरुको मन्डी ठाउँ ठाउँमा देखिन्छन् । यी दैनिक ज्यालादारी गर्ने मजदूरहरु प्रति राज्यसत्ताको कुनै दायित्व छैन ? संघ र प्रदेश दुबै सरकार असंगठित क्षेत्रका मजदूर हरुप्रति जिम्मेवार संरक्षक हुनुपर्छ ।

यस पटकको बजेट वक्तव्यको बुँदा नम्बर १०१ र १०२मा मधेश प्रदेशको पूर्ण साक्षरता तथा मधेशको पहिचान, लोककला साहित्य संस्कृतिको चर्चाको क्रममा मधेशी भाषा, संस्कृति र इतिहास आदिको कुरा अमूर्त्तरुपमा उल्लेख गरिएको छ । हुन त वर्तमान सरकार भिन्न राजनीति र प्रवृत्तिका विविध प्रकृतिका राजनीतिक दलहरुको गठबन्धन सरकार हो । अझ यस सरकारको नेतृत्व जनमत पार्टी जस्तो धुर दक्षिणपन्थी रुझानको मधेशकेन्द्रित राजनीतिक दलले गरिरहेकोले यस बजेट वक्तव्यमा जनसरोकार र जनहितका धरातलिय विषयभन्दापनि मधेशी एजेन्डाको लोकप्रियतावादी विषय बढी देखिएको छ । बजेटमा अमूर्त्त 'मधेशी भाषा' पर्नु यसैको परिणाम हुनसक्छ ।

अन्य प्रदेशका मानिसहरुले मधेशप्रदेशमा बोलिने मातृभाषाहरुलाई राजनीतिक अर्थमा 'मधेशी भाषा' भन्ने गरेको सत्य हो । यो,भारतमा मैथिली र भोजपुरी लगायत बिहारमा बोलिने भाषाहरुलाई दिल्ली र मुम्बई लगायतमा 'बिहारी' भन्ने गरे जस्तै हो । तर मधेश प्रदेशभित्र यी भाषाहरु आ-आफ्ना नामले उल्लेख गरिनु पर्छ । यस्तो गरिएन भने यी मातृभाषाहरुको अस्तित्वको निम्ति घातक हुनसक्छ । बजेटमा प्रदेशमा बोलिने भाषा र संस्कृतिबारे प्रष्ट उल्लेख गर्नुको साटो कुनै अमूर्त्त भाषालाई साझा प्रतीकको रुपमा लेखिने चलन शुरु भयो भने, यस्ले प्रदेश भित्रकै वा राजनीतिक दलहरुले रुचाएको प्रदेश बाहिरको एकल भाषाको वर्चस्व स्थापित गराउने सम्भावना उत्पन्न गराउन सक्छ । त्यसैले राजनीतिक रुपमा मधेशप्रदेश सबैको साझा भएपनि, राज्यको आधिकारिक दस्तावेजहरुमा यस प्रदेशको मातृभाषाहरुको मूर्त्त उल्लेख, संरक्षण र प्रोत्साहन गरिनु आवश्यक छ । यससंगै बजेटमा सर्वाधिक प्रतिक्षित विषय प्रदेशको कामकाजको भाषाको विषयपनि परेको छैन ।

हुन त यस लेखको उद्देश्य भाषा र संस्कृति मात्र होइन । बजेट वक्तव्य अध्ययनको कममा यो विषयपनि आएकोले सन्दर्भवश चर्चा गरिएको हो । आखिर भाषा, संस्कृति र इतिहास जनसमुदायको विषय नै हो । यस लेखको उद्देश्य यो बजेट वक्तव्य जनजीवनको प्रत्यक्ष सरोकारतर्फ बढी केन्द्रित गर्न खोजिएको हो । यस दृष्टिले विचार गर्दा यो बजेट वक्तव्यपनि विगत जस्तै लोकप्रियतावादी नै देखिन्छ ।

जहाँसम्म प्रदेशहरुको अर्थ राजनीतिक स्थितिको प्रश्न छ, देशमा संघीय गणतन्त्र र प्रदेशहरुको स्थापना भएको छ वर्ष बितिसक्दापनि संक्रमणकालको विविध अन्यौलहरु कायमै छन् । संघ र प्रदेशबीच राजनीतिक र आर्थिक अधिकार लगायतका कयौं विषयहरु अझै विवादमै छन् र संघप्रति प्रदेशहरु संघर्षकै मुद्दामा छन् । तरपनि प्रदेश सरकारहरुमा प्रदेशमा विकास र जनजीवनका सर्वतोमुखी आयामप्रति योजनाबद्ध दृष्टिकोण देखिनु पर्ने हो । यो अझै बन्न सकेको छैन । बजेटमा अभिव्यक्त आर्थिक प्रवृत्तिको विचार गर्ने हो भने यस्मा आर्थिक परनिर्भरता निरन्तर प्रवृत्तिको रुपमा विगतको बजेट जस्तै देखिन्छ । निश्चय नै अहिले संघीय सरकारको अनुदानको भरपर्नु बाध्यात्मक स्थिति हो । तरपनि प्रदेशको आफ्नै आर्थिककोष र यसलाई समृद्ध गर्दै लैजाने आर्थिक स्वाभाव अहिलेदेखि नै विकास गर्न सकिएन भने यो बाह्य परनिर्भरता आर्थिक स्वाभावको रुपमा विकसित हुनजान्छ, र यसबाट मुक्त हुन गाह्रो हुन्छ । यसको निम्ति बजेटमा आर्थिक र राजनीतिक दुबै किसिमको आकांक्षा र पहल अभिव्यक्त हुन आवश्यक छ ।

त्यसरी नै यो बजेट जनसरोकार भन्दापनि प्रचार र लोकप्रियमुखी बढी भएको छ । विशेष गरेर श्रमजीविवर्गको हितको विषय यस बजेटमा नदारद छ । लोकप्रियता बटुल्न यस बजेटमा धर्म बजार, संसद, किसान, मधेशी, संस्कृति, पर्यटन, निजी पूँजी, दलित, महिला, मुस्लिम सबैको निम्ति मूर्तरुपमा उल्लेख छ । तर श्रमजीवि वर्ग र मजदूरहरुको हकहितको विषय मूर्त्तरुपमा उल्लेख गर्न कन्जुसी वा उदासीनता देखिएको छ । हुन त मजदूरको हकहित बारे संघीय सरकारको बजेटमा पनि औपचारिकता मात्र निर्वाह गरिएको छ । मधेश सरकारको बजेटमा श्रमिकहरुको विषय उठान गर्दा वैदेशिक रोजगारमा जानेहरुलाई सहज कसरी बनाउने भन्ने तर्फ बढी स्पेस दिइएको छ । बजेटमा श्रम बजार सर्वेक्षण र रोजगारयोग्य सीपको सुचीकरण, निजी क्षेत्रसंग रोजगारको अवसरको निम्ति सम्बन्ध स्थापना जस्ता विषयहरु उठान गरिएपनि औपचारिकता जस्तो मात्र देखिन्छन् । विशेष गरेर किसानहरुको निम्ती कार्ड र पेन्सनसंग, मधेशी राजनीतिक प्रचार, धार्मिकता र भावनात्मक अमूर्त्त विषयहरुमा छुट्याइएको विनियोजनसंग तुलना गर्ने हो भने श्रमिक वा मजदूर बारे गरिएका व्यवस्थाको उदासीन औपचारिकता प्रष्ट हुन्छ । विगतदेखी नै दैनिक ज्यालादारीमा श्रम बेच्ने मजदूरहरु, होटेल, निजी पसल लगायतका व्यावसायिक र सेवा क्षेत्रमा काम गर्ने असंगठित मजदूरहरु बजेटमा प्रायः पर्ने गरेको छैन । यस बजेटमापनि परेको छैन । बीरगन्ज, जनकपुर र राजविराज जस्ता मधेश प्रदेशका ठुलासाना सहरहरुमा दैनिक ज्यालादारीमा काम खोज्ने मजदूरहरुको मन्डी ठाउँ ठाउँमा देखिन्छन् । यी दैनिक ज्यालादारी गर्ने मजदूरहरु प्रति राज्यसत्ताको कुनै दायित्व छैन ? संघ र प्रदेश दुबै सरकार असंगठित क्षेत्रका मजदूरहरुप्रति जिम्मेवार संरक्षक हुनुपर्छ । उनीहरुलाई कार्ड वितरण गर्नु पर्छ र उनीहरुको हक हितलाई सचेत सम्बोधन गर्नु पर्छ । यस संसारमा देखिने सबै सृजनाहरुमा मजदूर हरुको श्रम, पसीना र रगत निहित छ । यसैकारण यी मजदूरहरुको निम्ति राज्यसत्ताले विशेष स्कूल, अस्पताल र विश्रामगृहको व्यवस्था गर्नु पर्छ । तर यस्को निम्ति प्रदेशमा एउटा इमान्दार राजनीतिक पहलको आवश्यकता र सुनियोजित जनवादी आर्थिक राजनीतिक दृष्टिकोणको आवश्यकता पर्छ । के मधेश प्रदेशले मजदूरहरुको सरकार सम्बोधनमा संघीय र अन्य प्रदेशको सरकारभन्दा पहिले पहल लिन सक्छ ?

मधेश प्रदेशको सरकारको विगतको समीक्षा गर्ने हो भने अस्थिर राजनीति, अनुभवहीनता र भ्रष्टाचारको मामिलामा बदनामी कमाएको यो प्रदेश हो । यस पटक प्रदेशमा सत्ता समीकरण फेरिएपनि चरित्रगतरुपमा खासै भिन्न देखिँदैन । तरपनि जनवादी संकल्प र इच्छाशक्ति देखाउने हो भने नयाँ सत्ता गठबन्धनलाई इतिहासले मोका दिएकै हो । तर यस्को शुरुआत बजेटभित्रै बाट हुनुपर्छ । यद्यपि मजदूर र अन्य उत्पीडितवर्ग आफ्नो आर्थिक हित तथा सत्तामा सहभागिताको निम्ति एकजुट नभएसम्म यस्तो सम्भावना न्यून छ । हेर्दै जाउँ ।

# नेपाल भाषा पत्रकारिताको सय वर्ष र मुलुकको मातृभाषा



गणेशकुमार राई

'भाषा म्वासा जाति म्वाइ' (भाषा रहे जाति रहन्छ) भन्ने नेपाल भाषाका महाकवि सिद्धिदास अमात्यको आदर्श वचन छ । यही आदर्श वचनलाई नेवार समुदायले पालना गर्दै आएको पाइन्छ । नेवारी भाषा १४औं शताब्दीदेखि १८औं शताब्दीसम्म नेपालको राज्य भाषा र अदालतम समेत प्रयोग हुन्थ्यो भन्ने इतिहासमा उल्लेख पाइन्छ । राज्य व्यवस्था फेरिएसँगै खस/पर्वते भाषा अस्तित्वमा आयो र अन्तमा नेपाली भाषा बनेपछि मुलुकमा अरू भाषाहरू राज्य सूत्रमा उनिन छोड्यो । नेपाल एकीकरण र शाह वंशको शासन सुरुआत भएसँगै भाषा दमनविरुद्ध आन्दोलन आरम्भ भएर वर्तमानसम्म तन्किदै आएको पाइन्छ ।

विसं १९६६ देखि १९९८ सम्मको अवधिलाई नेपाल भाषाको पुनर्जागरण युगका रूपमा उल्लेख गर्ने गरिएको छ । पत्रकारिताका हिसाबले धर्मादित्य धर्माचार्य (जगतमान वैद्य) ले १९८१ सालमा कोलकाताबाट 'बुद्ध धर्म व नेपालभाषा' मासिक पत्रिका सम्पादन तथा प्रकाशन आरम्भ गरेका थिए । नेपाल भाषाको सो पहिलो साहित्यिक पत्रिकाले साहित्य लेखनको लहर उत्पन्न गरेको थियो । सोही पत्रिकामार्फत साहित्य सृजनामा नयाँ स्रष्टाहरूको अगुवाइ गरेको थियो । त्यो लहरले नेपाल भाषाको अस्तित्व जोगाउन, समृद्ध तुल्याउन योद्धाहरू उत्रिए । जेलनेल भोगे । ज्यानको आहुति दिए । निस्थानन्द बज्राचार्य, सिद्धिदास महाजू (सिद्धिदास अमात्य), जगतसुन्दर मल्ल र योगवीर सिंह कंसाकार नेपाल भाषाका चार स्तम्भ मानिन्छन् ।

शुक्रराज शास्त्रीले 'नेपाल भाषा व्याकरण' नामक भाषाको व्याकरण लेखेको र राजनीतिमा लागेकै कारणले सहादत पाए । जेलनेल भोग्नेहरू चित्तधर हृदय, सिद्धिचरण श्रेष्ठ र फत्ते्बहादुर सिंह थिए । नेपाल भाषाका पहिलो महिला पत्रकार साधना प्रधान, नेपाल पत्रकार सङ्घ (विसं २००८) का संस्थापक सत्यनारायणबहादुर श्रेष्ठ (श्रेष्ठ नै नेपाल पत्रकार महासङ्घको संस्थापक अध्यक्ष कायम हुनुपर्छ भन्ने दाबी अघि बढेपछि महासङ्घले अध्ययन कार्यदल गठन बनेको छ) लगायत अग्रपङ्क्तिमा थिए । नेपाल भाषाको पहिलो पत्रिकाले ल्याएको जागरण अनि कैयौं साधकको योगदान चुलिने क्रम निरन्तर जारी छ । पुनःजागरणकालपछि २०८१ सालसम्म आइपुग्दा नेपाल भाषा पत्रकारिताले शताब्दी यात्रा पार गरेको छ । नेपाल भाषा रन्जना लिपि (नेवाः लिपि), प्रचलित, भुजिमोल, क्वयमोल लिपिमा लेख्ने गरिन्छ । 'नेपाल भाषा टाइम्स' दैनिक पत्रिका प्रकाशनमा रहेको छ ।

नेवार समाजमा नेपाल भाषा भनिँदै आए पनि आम मानिसले नेवारी भाषा भन्ने गर्दछन् । भाषिक समुदायको मागअनुसार तत्कालीन नेपाल सरकार मन्त्रिपरिषद्ले २०५२ असोजमा नेवारीको सट्टा 'नेपालभाषा' नामाकरण स्वीकृत गरेको थियो । यद्यपि नेपाल संवत् ५०० मा नेवार भाषालाई 'नेपाल भाषा' उल्लेख भएको नेपाल भाषा शिक्षाको इतिहासमा उल्लेख पाइन्छ । त्यसैगरी २०८० सालदेखि नेपाल संवत् ११४४ आरम्भ भएसँगै सरकारको 'लेटरहेड'मा अङ्कित गरिएको छ ।

> मातृभाषा पत्रकारिता भनेको समाचार, विचारमा सीमित नभई साहित्य, व्याकरण, अनुसन्धान, अधिकारका अनेक विषय समेटेर प्रकाशन गर्नुपर्ने हुन्छ । मातृभाषा मूलधारभन्दा फरक छ । व्यावसायिक हुन सक्दैन । विशुद्ध मातृभाषाकै निम्तिमात्र काम गरेको हुनुपर्छ । एकल भाषिक राष्ट्रवादविरुद्धको आवाजका रूपमा लिइन्छ ।

नेवाः पत्रकार राष्ट्रिय दबूले धर्मादित्य धर्माचार्यको सम्पादनमा प्रकाशित 'बुद्ध धर्म व नेपालभाषा' पत्रिकालाई आधारस्तम्भ मानेर यही २०८१ जेठ १९ र २० गते दुईदिने पहिलो अन्तर्राष्ट्रिय मातृभाषा पत्रकारिता सम्मेलन सम्पन्न गरेको थियो । सम्मेलनमा सार्क जर्नालिष्ट फोरम र नेपाल आदिवासी जनजाति पत्रकार महासङ्घ (फोनिज)लाई पनि सहभागीका रूपमा उभ्याइएको थियो । सम्मेलनमा भारत, बङ्गलादेश, भूटानका केही भाषाका प्रतिनिधिहरूको सहभागिता रहेको थियो । नेपालका मातृभाषाहरूको भने सहभागिता रहन सकेन । त्यसैले मूलतः नेपाल भाषा पत्रकारिता अन्तर्राष्ट्रिय सम्मेलनकै रूपमा सम्पन्न भयो ।

तथ्याङ्कमा नेवाः (नेवार) जातिको कूल जनसङ्ख्या १३ लाख ४१ हजार तीन सय ६३ जना रहेको छ । नेपाल भाषा (नेवारी) बोल्ने वक्ताको जनसङ्ख्या आठ लाख ६३ हजार तीन सय ८० रहेको छ । वाग्मती प्रदेश सरकारले तामाङ भाषा र नेपाल भाषा सरकारी कामकाजको भाषा लागू गर्न ऐन जारी गरेको छ । नेपालको संविधान (२०७२) को धारा, ६ र ७ मा नेपालमा बोलिने सबै मातृभाषा राष्ट्रभाषा हुन् । देवनागरी लिपिमा लेखिने नेपाली भाषा नेपालको सरकारी कामकाजको भाषा हुनेछ । नेपाली भाषाका अतिरिक्त प्रदेशले आफ्नो प्रदेशभित्र बहुसङ्ख्यक जनताले बोल्ने एक वा एकभन्दा बढी अन्य राष्ट्रभाषालाई प्रदेश कानुनबमोजिम प्रदेशको सरकारी कामकाजको भाषा निर्धारण गर्न सक्नेछ । भाषासम्बन्धी अन्य कुरा भाषा आयोगको सिफारिसमा नेपाल सरकारले निर्णय गरेबमोजिम हुनेछ । वागमती प्रदेश सरकारको कदमले आम मातृभाषी समुदायलाई आशाको नयाँ आयाम थपिएको छ ।

### मातृभाषा र भाषिक राष्ट्रवाद

मातृभाषा शब्दै पेचिलो छ । बहुसङ्ख्यकले बोल्ने भाषाभन्दा थोरै सङ्ख्या अर्थात् अल्पसङ्ख्यकले बोल्ने 'काइतेबोली' भनेजस्तो बिम्ब दिमागमा आउँछ । पञ्चायतकालसम्म 'गाई खाने भाषा'को बिम्बमा ती मातृभाषाहरू परिभाषित थिए । राज्यले त्यस्ता भाषाहरूलाई मातृभाषा पढ्न, लेख्न, छाप्न, पढाउन प्रतिबन्ध लगाएको थियो । समुदायले आफ्नो बोली बोलिरहेकाले सचेत पूर्वजहरूले चुनौती मोलेका थिए ।

अङ्ग्रेजी या नेपालीलगायत विकसित भाषाको सन्दर्भमा पत्रकारिता भनेको मूलधारको व्यावसायिक भाषाखेती हो, तर चाहे नेपाल भाषा, १७ लाख वक्ता रहेको थारू भाषा होस् या १४ लाखले बोल्ने तामाङ भाषा अथवा १५ हजारले बोल्ने वाम्बुले भाषा, २३ जना वक्ता रहेको कुसुण्डा भाषाको पत्रकारिता कुनै हालतमा व्यावसायिक पत्रकारिता हुन सकिरहेको छैन । मातृभाषा पत्रकारिता भनेको समाचार, विचारमा सीमित नभई साहित्य, व्याकरण, अनुसन्धान, अधिकारका अनेक विषय समेटेर प्रकाशन गर्नुपर्ने हुन्छ । मातृभाषा मूलधारभन्दा फरक छ । व्यावसायिक हुन सक्दैन । विशुद्ध मातृभाषाकै निम्तिमात्र काम गरेको हुनुपर्छ । एकल भाषिक राष्ट्रवादविरुद्धको आवाजका रूपमा लिइन्छ ।

विद्यावारिधि शोधार्थी अजितमान तामाङको ठम्याइमा आदिवासीको भाषा, धर्म, संस्कृतिसँग नजोडिएका व्यावसायिक मूलधार भनिएका पत्रपत्रिकादेखि रेडियो, टेलिभिजन, अनलाइन, न्यू मिडिया छन् । मातृभाषा पत्रकारिता भनेपछि छुट्टै पाटो हो । मातृभाषा पत्रकारिता गर्नेहरूको छुट्टै प्रकाशन गृह छैन । गोरखापत्र दैनिकमा अहिले ४२ भाषामा साम्रगी फरक-फरक दिनमा प्रकाशन हुन्छ, तर यसलाई मातृभाषा पत्रकारिताको एउटा अङ्ग मात्रै हो । विज्ञापन पाएर प्रकाशन भएका होइनन् । व्यावसायिक नभएर विशुद्ध मातृभाषाको प्रकाशन गरिएको छ ।

भाषिक राष्ट्रवाद उपनिवेशवादीहरूका लागि, गोर्खालीहरूको गोर्खा कोलोनिजम, ब्रिटिस कोलोनिजमले ल्याएको राष्ट्रवाद हो । एउटै भाषा केन्द्रीकृत भाषा हुने । एउटै धर्म संस्कृति हुने । एकल भाषिक राष्ट्रवादविरुद्ध उत्रिएर हामी आफ्नो राष्ट्रिय मुक्ति आन्दोलनको माध्यमबाट आफ्नो भाषा, अधिकार कुरा गर्दैछौं । हाम्रो अर्को भाषिक राष्ट्रवाद भयो । लिम्बुवान, खम्बुवान, ताम्सालिङ, नेवा, तमुवान, मगरात भाषिक राष्ट्रवादसँग जोडिएको छ । जो भारतमै १९४९ सालमा भइसकेको छ, पन्जाब, बङ्गाल, तमिलनाडु, तेलङ्गनालगायत थुप्रै भएको छ । भाषिक राष्ट्रवादको पनि परिभाषा भएको छैन ।

### मातृभाषा पत्रकारिता तत्व

मातृभाषा पत्रकारिता भनेको ज्ञानबलको कारखाना हो । बहुसङ्ख्यकको भन्दा अल्पसङ्ख्यकको बोलीलाई लिपिबद्ध गर्ने काम हो । बोलीचालीमा सीमित अहिलेसम्म नलेखिएको भाषालाई छापामा उतार्ने, बोलीलाई रेडियोमार्फत् सार्वजनिक गर्ने, टेलिभिजनमार्फत सार्वजनिक गर्ने, श्रव्यदृश्यमा उतार्ने काम हो । पत्रकारिता गर्नका निम्ति न्यूनतम शैक्षिक योग्यता हुनुपर्छ । पत्रकारिता गर्ने रुचि, इच्छा, चाहना हुनुपर्छ ।

समयचक्रसँगै निरन्तर साधना, धैर्यता, खोज अध्ययन, अनुसन्धान, विश्लेषण गर्ने क्षमता राख्नुपर्छ । मातृभाषा प्रकाशन, प्रसारण अगुवाइ गर्ने प्रकाशक, सम्पादकका निम्ति अझ थप सशक्त भूमिका हुनुपर्छ । त्यस निम्ति समुदायसँग सामीप्यता, जनसम्पर्क, लेखक, स्रष्टासँग निरन्तर सानिध्यता हुनुपर्छ । नयाँ स्रष्टा, लेखकसँग सम्पर्क तथा उत्प्रेरणा सृजना गर्न सक्नुपर्छ । लेखन निरन्तरताका निम्ति प्रशिक्षण, पुनःताजगी तालिम हुनुपर्छ । प्रकाशन, प्रसारणका निम्ति आर्थिक व्यवस्थापन, इमानदारिता हुन जरुरी छ । अल्पसङ्ख्यक भाषा पत्रकारिता गर्ने सम्पादक, प्रकाशनले 'वान मेन आर्मी'को भूमिका निर्वाह गर्नुपर्ने हुन्छ । जसले धारिलो हतियारसहित भारी बोकेर ठूलो डफ्फासँग युद्ध छेड्नुपर्ने हुन्छ । यद्यपि मातृभाषा पत्रकारितामा 'गर या मर' भन्ने आर्मीको नियम लागू हुँदैन ।

मुलुकका एक सय ४२ जातजाति र बोलिने एक सय २४ भाषाहरू देशकै अमूर्त सम्पदा हुन् । यसको संरक्षण, संवर्द्धन गर्नु राज्यको दायित्व हो । धर्मादित्य धर्माचार्यहरूको योगदानलाई समुदायले सम्झिइरहन्छ । ती मातृभाषी समुदायको आत्मबल बढाउन र शिर उभ्याउनका निम्ति सङ्घ, प्रदेश र स्थानीय सरकारले सम्बोधन गर्न जरुरी छ । संविधानमा उल्लेख बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त नेपालको पहिचान जोगाउने काम समुदाय मात्र जिम्मेवार ठान्नु स्वाभाविकै हो, तर कुनाकन्दरामा जीवन व्यतित गर्दै रहेका हरेक नागरिकको हातहातमा समाइने मोबाइल र इन्टरनेटले चुनौतीमाथि चुनौती थपिदिएको छ । कृति बौद्धिकताले हाम्रा मातृभाषा पत्रकारितालाई हावामै ह्वात्तै उडाउने सङ्कटको निकट डिलमा उभिइरहेको अवस्था छ । यसतर्फ मातृभाषा पत्रकारिताको शताब्दी यात्राको स्मरण एक-दुई दिन भेला भएर तात्विक असर नगर्न सक्छ । (लेखक मातृभाषा अभियन्ता तथा पत्रकार हुनुहुन्छ)रासस

# पार्टीमा वैचारिक मतभेद छैनः अध्यक्ष नेपाल



काठमाण्डु । नेपाल कम्युष्टि पार्टी (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपालले पार्टीको आसन्न राष्ट्रिय महाधिवेशनबाट मुलुकमा वैज्ञानिक विशेषताको समाजवादको धारणालाई व्यवस्थित गरिने बताउनुभएको छ।

अखिल नेपाल महिला सङ्घ (समाजवादी)ले सोमबार आयोजना गरेको कार्यक्रममा उहाँले महाधिवेशनबाट पारित गरिने दस्तावेजले नेपाली विशेषताको समाजवादलाई कार्यान्वयन गर्न सहयोग गर्ने विश्वास व्यक्त गर्नुभयो । अध्यक्ष नेपालले पार्टीका सम्पूर्ण नेता र कार्यकर्ताको सामूहिक छलफलबाट दस्तावेज निर्माण गरिएकाले पार्टीभित्र वैचारिक मतभेद नरहेको प्रष्ट पार्नुभयो ।

पूर्वप्रधानमन्त्रीसमेत रहनुभएका अध्यक्ष नेपालले कम्युनिष्ट आन्दोलनको रक्षाका लागि समाजवादी मोर्चा हुँदै वैचारिक दृष्टिकोण र विचार मिल्ने समूह तथा राजनीतिक शक्तिलाई एकताबद्ध गर्नुपर्ने भन्दै त्यसले समाजवादको लक्ष्य प्राप्त गर्न सघाउ पुग्ने धारणा राख्नुभयो । उहाँले आफ्नो पार्टीले समाजवादको यात्रामा अघि बढ्छौँ भनेर पहिलो दिनदेखि नै पाइला सारेको बताउनुभयो ।

पार्टीका सम्मानित नेता झलनाथ खनालले सहमतिका साथ नेतृत्व निर्माणका लागि पार्टीको दस्तावेज तयार गरिएको र अझै परिस्कृत गरेर पारित गरिने बताउनुभयो । पूर्वप्रधानमन्त्री रहनुभएका नेता खनालले एउटा वैचारिक राजनीतिक कार्यदिशाका साथै नीति, सिद्धान्त र लक्ष्यका आधारमा एकता र सहमति खोज्नुपर्ने उल्लेख गर्नुभयो ।पार्टीका उपाध्यक्ष एवं अनेमसङ्घका अध्यक्ष जयन्ती राईले महाधिवेशनमा महिला समानुपातिक प्रतिनिधित्व वृद्धि गर्नुपर्नेमा जोड दिनुभयो।त्यस अवसरमा अनेमसङ्घका विभिन्न प्रकाशन विमोचन गरिएका थिए ।रासस

# गुणस्तरीय शिक्षामा जोड दिऔँ : प्रधानमन्त्री दाहाल

**“देशभित्रै भविष्य देख्ने सकारात्मक सोचका साथ मातृभूमिको माया सम्झेर आर्जित ज्ञान र सीप दिगो विकासका लागि सदुपयोग गर्नुहोस्,” प्रधानमन्त्री दाहालले भन्नुभयो, “देशभित्र भविष्य देख्ने वातावरणका निम्ति शिक्षा र व्यवस्थापनको गुणस्तर अभिवृद्धिमा विशेष जोड दिनुपर्छ ।”**



चितवन । प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले देशभित्र भविष्य देख्ने वातावरण सिर्जना गर्न शिक्षा र व्यवस्थापनको गुणस्तर अभिवृद्धि गर्नुपर्नेमा जोड दिनुभएको छ । कृषि तथा वन विज्ञान विश्वविद्यालयको चौथो दीक्षान्त समारोहलाई सोमबार सम्बोधन गर्दै प्रधानमन्त्री दाहालले शैक्षिक गुणस्तर वृद्धि गरेर युवा पुस्तालाई स्वदेशमै अवसर छ भन्ने सन्देश प्रवाह गर्नुपर्ने बताउनुभयो ।

“देशभित्रै भविष्य देख्ने सकारात्मक सोचका साथ मातृभूमिको माया सम्झेर आर्जित ज्ञान र सीप दिगो विकासका लागि सदुपयोग गर्नुहोस्,” प्रधानमन्त्री दाहालले भन्नुभयो, “देशभित्र भविष्य देख्ने वातावरणका निम्ति शिक्षा र व्यवस्थापनको गुणस्तर अभिवृद्धिमा विशेष जोड दिनुपर्छ ।”

उहाँले कृषि विज्ञानमा भर्ना हुने र भेटरेनरीमा आवेदन दिने विद्यार्थीको संख्या बढिरहेको तथा भेटरेनरी विषयमा विद्यार्थी सङ्ख्या शतप्रतिशत बढाउने पहल भइरहेको जानकारी पाउँदा खुसी लागेको बताउनुभयो । प्राविधिक विश्वविद्यालयहरूले अनुसन्धानमार्फत् नवीनतम प्रविधिको विकास गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्ने कार्यमा सम्पूर्ण क्षमता र साधनस्रोत खर्चिनुपर्नेमा जोड दिनुभयो । उहाँले विश्वविद्यालयका वैज्ञानिकहरूले भैंसीको बेमौसमी प्रजननको प्रविधि, गर्मी सहन गर्न सक्ने गहुँको जातको विकासलगायतका प्रविधि विकास गरेकोप्रति खुसी व्यक्त गर्नुभयो ।

विश्वविद्यालयले आवश्यकताअनुसार क्याम्पस तथा कृषि विज्ञान केन्द्र विस्तार र सवलीकरणका लागि योजना निर्माण गरी कार्यान्वयन गर्ने विश्वास व्यक्त गर्नुभयो । उहाँले आगामी दिनमा विश्वविद्यालयका निम्ति आवश्यक जनशक्तिको व्यवस्थापनमा सरकारको तर्फबाट सहयोग रहने प्रतिबद्धता जनाउनुभयो ।

“विश्वविद्यालयले सङ्काय, कलेज तथा विज्ञान केन्द्रहरूको शैक्षिक भवन, एकीकृत अनुसन्धान प्रयोगशाला, जैविक सुरक्षा प्रयोगशाला निर्माण छिटो सम्पन्न गर्नुपर्छ,” प्रधानमन्त्री दाहालले भन्नुभयो, “विश्वविद्यालयका शैक्षिक एवं अनुसन्धान र प्रसार कार्यलाई गुणस्तरयुक्त तथा समयसापेक्ष बनाउन दश वर्षे रणनीतिक योजना निर्माण एवं पाठ्यक्रम परिमार्जन गरी कार्यान्वयन गर्नुपर्छ ।”

प्रधानमन्त्री दाहालले बदलिएको राजनीतिक व्यवस्थाअनुरूप जनताको अवस्था बदल्नुपर्नेमा जोड दिँदै कर्ममा समर्पित हुन आग्रह गर्नुभयो । दाहालले व्यक्तिगत स्वार्थ र निजी भविष्यका लागि मात्र नभइ देशको भविष्यमा ध्यान दिन अपिल गर्नुभयो ।

“राज्य, राजनीतिक दल र आम जनसमुदायबीच सहकार्य र एकता कायम हुँदा हामीले बदलिएको राजनीतिक व्यवस्थाअनुरूप जनताको अवस्था बदल्न सक्छौँ र बदल्नै पर्दछ,” प्रधानमन्त्री प्रचण्डले भन्नुभयो, “तसर्थ, म सम्पूर्ण विद्यार्थी भाइबहिनीहरूमा विशेष अपिल गर्छु, राष्ट्रिय शब्दमा होइन, कर्ममा व्यक्त हुनुपर्दछ । हाम्रा गतिविधि व्यक्तिगत स्वार्थ र निजी भविष्यका निम्ति मात्र होइन, सिङ्गो देशको प्रतिष्ठा र भविष्यका निम्ति समर्पित हुनुपर्दछ ।”

उत्पादन, उत्पादकत्व वृद्धि र देशभित्रै रोजगारीका नयाँ-नयाँ अवसरको सिर्जना गर्न सरकार निरन्तर क्रियाशील रहेको उल्लेख गर्दै प्रधानमन्त्रीले यस वर्षको नीति तथा कार्यक्रम र बजेटमा कृषि, सूचना-प्रविधिको क्षेत्रलाई सर्वाधिक महत्व दिएको स्पष्ट पार्नुभयो ।

नेपालजस्तो देशका निम्ति अर्थतन्त्रको प्रमुख आधार कृषि क्षेत्र र नेतृत्वदायी क्षेत्र सूचना-प्रविधि हुनुपर्नेमा जोड दिँदै प्रधामन्त्रीले यसवर्ष उत्पादकत्व वृद्धि र रोजगार प्रवर्द्धन गर्ने कार्यक्रमको साथमा सूचना-प्रविधिमा नवप्रवर्तन कार्यक्रमका निम्ति पर्याप्त बजेट विनियोजन गरिएको जानकारी दिनुभयो ।सूचना प्रविधिको युग हुनुका कारण विश्वका अवसर र चुनौतीबारे जान्ने, बुझ्ने र सोहीअनुरूप आफ्नो भविष्यको योजना निर्माण हुनु स्वाभाविक भएको बताउँदै प्रधानमन्त्रीले राष्ट्रियता, भावी पुस्ताको भविष्य र मातृभूमिको हितबारे सोच्नैपर्ने भन्नुभयो । समारोमा उहाँले आफूले यही पढेको भन्दै स्मरण गर्नुभयो ।

समारोहमा प्रमुख अतिथिको रुपमा आउनुभएका सिक्किम स्किल युनिभर्सीटिका उपकुलपति प्रा डा अजयकुमार मिश्रले कृषि विश्वविद्यालयले शैक्षिक गुणस्तरमा पुऱ्याएको योगदानको चर्चा गर्नुभयो । आफ्नो विश्वविद्यालय र यस विश्वविद्यालयको बिचमा सहकार्य गरेर जान सकिने उहाँको भनाइ थियो । कार्यक्रममा विश्वविद्यालयका उपकुलपति प्रा डा पुण्यराज रेग्मीले कृषि तथा वन विज्ञान विश्वविद्यालयले वार्षिकोत्सवको अवसर पारेर गरिएको दीक्षान्त समारोह अबदेखि नियमित हुने बताउनुभयो । उहाँ उपकुलपति नियुक्त हुनु भएपछि यो तेस्रो दीक्षान्त समारोह गरिएको हो ।दीक्षान्त समारोहमा स्नातक, स्नातकोत्तर र विद्यावारीधि गरी एक हजार ५९ विद्यार्थी दीक्षित भएका छन् ।रासस

# पेट्रोलियम पदार्थ ढुवानीमा भएको अवरोध हटाउन कांग्रेसको माग




काठमाण्डु । नेपाली कांग्रेसले अत्यावश्यक पेट्रोलियम पदार्थ ढुवानी तथा बिक्री वितरणमा अवरोध हुँदा उपभोक्ताले निर्वाध रुपमा प्रयोग गर्न पाउने हकबाट वञ्चित भएकामा सरकारको ध्यानाकर्षण गराएको छ ।

पार्टीको आपूर्ति तथा उपभोक्ता विभागले सोमबार जारी गरेको विज्ञप्तिमा पेट्रोलियम पदार्थको अभावमा नागरिक आतङ्कित बन्ने वातावरण बनेकाले तत्काल आपूर्ति व्यवस्था सहज गराउन सरकारसँग माग गरेको हो । विभागका प्रमुख एवं कांग्रेस केन्द्रीय सदस्य गुरु बरालले वार्ता र संवादमार्फत् समस्याको समाधान गर्न नेपाल सरकार, नेपाल आयल निगम, निगमको सञ्चालक समिति, निगम व्यवस्थापन र पेट्रोलियम ढुवानी व्यवसायी महासङ्घसँग माग गर्नुभयो ।

बजारमा कृत्रिम अभाव, कालोबजारी हुँदै आपूर्तिको शृंखलासमेत बिग्रने हुँदा अत्यावश्यक वस्तुमा बन्द, हड्ताल र अवरोध गर्न नपाइने व्यवस्थाविरुद्ध कानुन बमोजिम कारबाही गर्न समेत कांग्रेसले माग गरेको छ । विधिको शासन र कानुनी राज्यको अनुभूतिका लागि आवश्यक व्यवस्था मिलाई संविधान प्रदत्त उपभोक्ताको मौलिक अधिकार संरक्षण र प्रवर्द्धनका लागि कांग्रेसले सरोकार भएका सबैसँग अनुरोध गरेको छ ।रासस

# सरकारको भविष्यबारे चिन्ता गर्नुपर्नेबेला भएको छैनः महासचिव पोखरेल




मलेखु । नेपाल कम्युनिष्ट पार्टी (एमाले)का महासचिव शङ्कर पोखरेलले वर्तमान सरकारको भविष्यबारेमा चिन्ता गर्नुपर्ने अवस्था नरहेको बताउनुभएको छ । उहाँले सत्ता समीकरणमा रहेका एमालेलगायतका सबै दल यही सरकारलाई निरन्तरता दिने पक्षमा रहेको बताउनुभयो ।

प्रेस चौतारी नेपाल धादिङले सोमबार आयोजना गरेको पत्रकार भेटघाटका क्रममा महासचिव पोखरेलले मुलुकलाई सकारात्मक दिशातर्फ अगाडि बढाउन एमालेले यही सरकारलाई निरन्तरण दिने धारणा व्यक्त गर्नुभयो । उहाँले भन्नुभयो, “वर्तमान समीकरणबाट मुलुकलाई सकारात्मक दिशामा अघि बढाउन सकिन्छ भन्ने हाम्रो प्रयास हो । त्यहीअन्तर्गत नयाँ समीकरण बनायौँ अहिले पनि हामी यो समीकरणको निरन्तरताका पक्षमा छौँ ।” महासचिव पोखरेल एमाले जिल्ला कमिटी धादिङको तीनदिने प्रशिक्षण कार्यक्रमको उद्घाटन गर्न धादिङबेंसी आइपुग्नुभएको हो ।

सरकार कमजोर बन्यो भने जनतामा निराशा बढ्छ कि भन्ने चिन्ता भए पनि सरकारको भविष्य के होला भन्ने चिन्ता लिनुपर्ने समय आइनसकेको एमाले महासचिव पोखलेको भनाइ छ । “सरकारले राम्रो काम गरोस्, जनता अपेक्षालाई सम्बोधन गरोस्, सुशासन दिन सफल होस्, जनताका मुद्दातर्फ ध्यान केन्द्रित होस्, अरु कुरामा विरोध जनाउनुपर्ने र सरकार परिवर्तन गरिहाल्नुपर्ने अवस्था नरहेको पोखरेलको भनाइ छ ।

“कमी कमजोरी भएका भएका विषयलाई सच्याएर अघि नबढ्दा २०८४ सम्म जनतामा निराशा छाउने पो हो कि भन्ने चिन्ता एमालेमा छ । यसको विकल्पमा अरुको खोजी चाहिँ होइन”, उहाँले भन्नुभयो, “अर्को समीकरणको खोजी गर्नुपर्छ भन्ने खालको बुझाइ होइन ।”रासस

# सबैलाई आदर र सम्मान गर्ने हाम्रो आफ्नै विशिष्ट परम्परा छ : सभापति देउवा



काठमाण्डु । नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले ‘बकर इद (इद उल अजहा)’ को अवसरमा शुभकामना व्यक्त गर्नुभएको छ ।

इस्लाम धर्मावलम्बीको पर्व बकर इदको अवसरमा सोमबार शुभकामना सन्देश दिनुहुँदै उहाँले इस्लाम धर्मावलम्बरुले ‘बकर इद’ लाई पवित्र पर्वका रुपमा मनाउँदै आएका जनाउँदै यस पर्वले नेपाली समाजमा धार्मिक सहिष्णुता र सद्भावना बढाउँदै आएको उल्लेख गर्नुभएको छ । शुभकामना सन्देशमा नेपाल-प्राचीनकालदेखि विभिन्न जात, जातिको बसोबासको सङ्गमस्थल रहेकाले यहाँ विभिन्न भाषा, विभिन्न धर्म, विभिन्न संस्कृति र चाडपर्वको आफ्नो बेग्लै विशेषता छ र सबैलाई आदर र सम्मान गर्ने हाम्रो आफ्नै विशिष्ट परम्परा छ भनिएको छ ।

सभापति देउवाले यस पर्वले मुलुकमा शान्ति, सद्भाव र समृद्धि ल्याउन सबैलाई प्रेरणा दिने विश्वास व्यक्त गर्नुभएको छ । उहाँले ‘बकर इद ’ ले सम्पूर्ण जातजाति तथा धर्मावलम्बीमा एकताको सन्देश दिन सफल हुनेछ भन्ने विश्वासका साथ सम्पूर्ण मुस्लिम समुदायमा सुख, शान्ति एवं समृद्धिको शुभकामना व्यक्त गर्नुभएको छ ।रासस

# विश्व बैंकका वरिष्ठ प्रबन्ध निर्देशक ट्रोटसनबर्गद्वारा अर्थमन्त्री पुनसँग भेट

काठमाण्डु । विश्व बैंकका वरिष्ठ प्रबन्ध निर्देशक एक्सेल भान ट्रोटसनबर्गले अर्थमन्त्री वर्षमान पुनसँग भेटवार्ता गर्नुभएको छ । ट्रोटसनबर्गले सोमबार सिंहबारस्थित अर्थ मन्त्रालयमा मन्त्री पुनसँग शिष्टाचार भेट गर्नुभएको हो ।

काठमाडौँमा मङ्गलबारदेखि सुरु भइ चार दिनसम्म चल्ने विश्व बैंक समूहअन्तर्गतको अन्तर ष्ट्रिय विकास सङ्घ (आईडा) को तेस्रो रिप्लेनिसमेन्ट बैठक आईडा-२१ मा सहभागी हुन बताउनुभयो । उहाँले बैठकका लागि नेपाललाई छनोट गरेकामा विश्व बैंक व्यवस्थापनलाई धन्यवाद दिनुभएको अर्थमन्त्री पुनको सचिवालयले जनाएको छ ।

बैठक भव्यरुपमा सफल पार्न नेपाल सरकारका तर्फबाट सम्पूर्ण सहयोग हुने प्रतिबद्धता उहाँको थियो । विश्व बैंकसँग नेपालको छ दशक लामो साझेदारी रहेको चर्चा गर्दै मन्त्री पुनले नेपालको विकासमा बैंकले उदारतापूर्वक गरेको सहयोगको प्रशंसा गर्नुभयो । मन्त्री (एलसिडी) मा स्तरोन्नति, जलवायु परिवर्तनका प्रभावसँग जुध्न र सार्वजनिक सेवा प्रवाह प्रभावकारी बनाउन तथा रोजगारी सिर्जनालगायत योजनाका लागि नेपाललाई सहुलियतपूर्ण कर्जामा जोड दिन मन्त्री पुनले आग्रह गर्नुभयो । उहाँले २१औँ आइडीए बैठकमार्फत विश्व बैंकले वित्तीय सहयोगलाई मात्र नभई ज्ञान र नवप्रवर्तनका क्षेत्रलाई समेत प्राथमिकतामा राख्न अनुरोध गर्नुभयो ।

फरक प्रसङ्गमा मन्त्री पुनले




ट्रोटसनबर्ग नेपाल आउनुभएको हो । भेटमा ट्रोटसनबर्गसँगै विश्व बैंकका उपाध्यक्षद्वय आकिहिको निसिओ र मार्टिन रेजर तथा तथा नवनियुक्त नेपाल निर्देशक डेभिड सिस्लेनलगायत सहभागी हुनुहुन्थ्यो ।

आकीहिको विश्व बैंकको विकास वित्त (डिएफआई) परिचालन र रेजर दक्षिण एसिया हेर्ने उपाध्यक्ष हुनुहुन्छ । भेटमा मन्त्री पुनले नेपालमा आइडीए-२१ बैठकको आयोजना हुँदा नेपालको अन्तर्राष्ट्रियस्तरमा ख्याती बढ्ने पुनले पाइपलाइनमा रहेका माथिल्लो अरुण र दूधकोशी जलविद्युत् आयोजना निर्माणमा विश्व बैंकले देखाएको निरन्तरको चासो र प्रतिबद्धताको सराहना गर्नुभयो ।

उहाँले नेपाल ती दुवै आयोजना अघि बढाउन तत्पर रहेको जानकारी दिँदै वित्तीय व्यवस्थापनको टुङ्गो छिट्टै लाग्ने विश्वाससमेत व्यक्त गर्नुभयो । सुशासन र संस्थागत क्षमताको सुदृढीकरण तथा आगामी सन् २०२६ भित्र नेपाललाई विकासशील मुलुक नेपालको अर्थतन्त्रको आकार सानो नभई मध्यमस्तरको भएको उल्लेख गर्नुभयो । विश्व बैंकका प्रबन्ध निर्देशक ट्रोटसनबर्गले आईडीए-२१ को तेस्रो रिप्लेनिसमेन्ट बैठक आयोजना गरेकामा नेपाललाई बधाई र धन्यवाद दिनुभयो । नेपाल र विश्व बैंकबीच लामो साझेदारी रहेको चर्चा गर्दै उहाँले नेपाललाई बैंकले सधैं उच्च प्राथमिकतामा राखेको बताउनुभयो। आगामी दिनमा समेत सहकार्य थप मजबुत भएर जाने उहाँको भनाइ थियो ।रासस

# राष्ट्रपति पौडेल र जर्मनीका राष्ट्रपति स्टीनमेयरबीच औपचारिक भेटवार्ता

काठमाण्डु । सङ्घीय गणतन्त्र जर्मनीको औपचारिक भ्रमणमा रहनुभएका राष्ट्रपति रामचन्द्र पौडेल र जर्मनीका राष्ट्रपति डा फ्रैंक-वाल्टर स्टीनमेयरबीच सोमबार औपचारिक भेटवार्ता भएको छ । राष्ट्रपति पौडेल आफ्ना जर्मनी समकक्षी स्टीनमेयरको औपचारिक निमन्त्रणामा शनिबार राति बर्लिन पुग्नुभएको हो ।

राष्ट्रपति पौडललाई बर्लिनमा आज जर्मन सरकारका तर्फबाट गार्ड अफ अनर प्रदान गरिने उहाँका प्रेस सल्लाहकार किरण पोखरेलले राससलाई जानकारी दिनुभयो। जर्मनीको औपचारिक भ्रमणमा रहनुभएका राष्ट्रपति पौडेल र त्यहाँका राष्ट्रपति स्टीनमेयरबीच आजै साँझ प्रतिनिधिमण्डलस्तरीय औपचारिक भेटवार्ता हुनेछ।

सन् १९८६ यता राष्ट्रप्रमुखको तहमा नेपालबाट जर्मनीमा भएको यो पहिलो औपचारिक भ्रमण हो । नेपाल र जर्मनीबीच सन् १९५८ अप्रिल ४ मा कूटनीतिक सम्बन्ध स्थापना भएको थियो । त्यसयता दुई देशबीचको सम्बन्ध मित्रता, आपसी समझदारी र सहयोगका आधारमा बढ्दै गएको छ । दुवै देशले एकअर्काको राजधानीमा आवासीय



दूतावास स्थापना गरेका छन् ।

परराष्ट्र मन्त्रालयका अनुसार नेपालले ५ जुलाई १९६५ मा बर्लिनमा आफ्नो दूतावास स्थापना गरेको थियो। जर्मनीले काठमाडौँमा सन् १९६३ मा आफ्नो दूतावास स्थापना गरेको हो। सन् २०१८ मा दुई देशबिच कूटनीतिक सम्बन्ध स्थापना भएको ६० औँ वार्षिकोत्सव मनाउन जर्मनी र नेपालमा विभिन्न कार्यक्रम आयोजना गरिएको थियो।

विभिन्न तहमा भएका भ्रमण आदानप्रदानले दुई देशबिचको घनिष्ठ र सौहार्दपूर्ण सम्बन्धलाई थप सुदृढ बनाउन योगदान पुऱ्याएको मन्त्रालयका प्रवक्ता अमृतबहादुर राईले बताउनुभयो ।तत्कालीन राजा वीरेन्द्र र रानी ऐश्वर्याले सन् १९८६ अक्टोबरमा जर्मनीको भ्रमण गर्नुभएको थियो। त्यस्तै तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले सन् १९९५ फेब्रअरी र सन् २००० सेप्टेम्बरमा तथा तत्कालीन प्रधानमन्त्री मनमोहन अधिकारीले सन् १९९५ अप्रिलमा जर्मनीको भ्रमण गर्नुभएको थियो ।

यसैगरी, तत्कालीन उपप्रधानमन्त्री एवं परराष्ट्रमन्त्री माधवकुमार नेपालले सन् १९९५ फेब्रुअरी र तत्कालीन परराष्ट्रमन्त्री उपेन्द्र यादवले सन् २००९ मार्चमा जर्मनीको भ्रमण गर्नुभएको थियो। यसैगरी नेपाल लगानी वर्ष २०१२ को सन्दर्भमा तत्कालीन वाणिज्य तथा आपूर्तिमन्त्री लेखराज भट्टले सन् २०१२ फेब्रुअरी २८ मा जर्मनीको भ्रमण गर्नुभएको थियो।

त्यस्तै जर्मनीका तत्कालीन राष्ट्रपति हाइनरिक ल्युब्केले सन १९६७ र राष्ट्रपति प्रा रोमन हर्जोगले सन् १९९६ मा नेपाल भ्रमण गर्नुएको थियो । जर्मन संसद्की उपाध्यक्ष क्लाउडिया रोथले अप्रिल २०१७ मा नेपाल भ्रमण गर्नुभएको थियो । रासस

# इजराइली प्रधानमन्त्रीद्वारा युद्ध मन्त्रिपरिषद् भङ्ग

एएफपी

तेल अभिव । इजराइली प्रधानमन्त्री बेन्यामिन नेतान्याहुले गाजामा युद्धको नेतृत्व गर्ने जिम्मेबारी दिइएको प्रभावशाली युद्ध मन्त्रिपरिषद्लाई भङ्ग गर्नुभएको अधिकारीहरूले सोमबार बताएका छन् ।

युद्ध मन्त्रिपरिषद्का एक प्रमुख सदस्यले प्रधानमन्त्रीको युद्ध व्यवस्थापन गर्ने तरिकालाई लिएर निराशा व्यक्त गर्दै सरकारको आलोचना गरेको केही दिनपछि यस्तो कदम चालिएको हो । यसै महिनाको प्रारम्भमा मध्यमार्गी पूर्व सैन्य प्रमुख बेनी गेन्ट्जले युद्ध मन्त्रिपरिषद् सदस्यबाट राजीनामा दिएपछि यस्तो कदमको व्यापक अपेक्षा गरिएको थियो ।



आफ्नो नाम उल्लेख नगर्ने सर्तमा एक अधिकारीले बताए । यसमा युद्धविराम सम्झौताको विरोध गर्ने र गाजामाथि पुनः कब्जा गर्नका लागि समर्थन गर्ने अतिदक्षिणपन्थी शासक साझेदार रहेको सुरक्षा मन्त्रिपरिषद् पनि समावेश छ ।

सम्पूर्ण युद्धमा नेतान्याहुले इजराइलको शीर्ष सहयोगी अमेरिका, युद्धको बढ्दो विश्वव्यापी विरोध तथा आफ्ना सरकारी सहयोगीहरु वित्तमन्त्री बेजेलेज स्मोट्रिच र राष्ट्रिय सुरक्षामन्त्री इतामार बेन-गभिरको दबाबबीच सन्तुलन बनाउने भूमिका निर्वाह गर्नुभएको छ ।

सरकारबाट गेन्ट्जको अनुपस्थितिले नेतान्याहुलाई शासन गर्न आफ्ना अतिराष्ट्रवादी सहयोगीमाथि अधिक निर्भर बनाएको छ र युद्ध मन्त्रिपरिषद्को विघटनले गाजामा आठ महिना लामो युद्धका रूपमा भएको परिवर्तनलाई जोड दिएको छ । नेतान्याहुले युद्धसँग सम्बन्धित संवेदनशील मुद्दाका लागि आफ्ना केही सरकारी सदस्यसँग सानो फोरम राख्नुहुने

गेन्ट्ज विपक्षी दलको नेता तथा नेतान्याहुका प्रतिद्वन्द्वी रहेको बेला युद्ध मन्त्रिपरिषद्को गठन युद्धको सुरुआती दिनमा गरिएको थियो । अक्टोबर ७ मा दक्षिणी इजराइलमाथि हमासको आक्रमणपछि एकता प्रदर्शनमा गेन्ट्ज गठबन्धनमा सामेल हुनुभएको थियो। उहाँले नेतान्याहुको सरकारका अतिदक्षिणपन्थी सदस्यहरूलाई किनारा लगाउन सानो निर्णय गर्ने निकायले युद्धको नेतृत्व गर्नुपर्छ भन्ने माग गर्नुभएको थियो । युद्ध मन्त्रिपरिषद्मा तीन सदस्य गेन्ट्ज, नेतान्याहु र रक्षामन्त्री योभ ग्यालेन्ट हुनुहुन्थ्यो। उहाँहरूले मिलेर युद्धका क्रममा महत्त्वपूर्ण निर्णय गर्नुभएको थियो ।

इजराइलले थप महत्त्वपूर्ण निर्णयको सामना गर्नुपरिरहेको बेला युद्ध मन्त्रिपरिषद् समाप्त गर्ने कदम चालिएको छ । हमासको आक्रमणका क्रममा बन्धक बनाइएका मानिसहरूको रिहाइको बदलामा इजराइल र हमासले युद्धविरामको पछिल्लो प्रस्तावमाथि विचार गरिरहेका छन् । इजराइली सेना अहिले पनि गाजा पट्टीमा फसेका छन् । उनीहरू दक्षिणी सहर रफाह र अन्य स्थानमा हमासको पुनरुत्थानविरुद्ध लडिरहेका छन् । साथै इजराइल र लेबनानी हिजबुल्लाह लडाकू समूहबीच हिंसा जारी छ ।

सम्पूर्ण युद्धमा नेतान्याहुले इजराइलको शीर्ष सहयोगी अमेरिका, युद्धको बढ्दो विश्वव्यापी विरोध तथा आफ्ना सरकारी सहयोगीहरू वित्तमन्त्री बेजेलेज स्मोट्रिच र राष्ट्रिय सुरक्षामन्त्री इतामार बेन-गभिरको दबाबबीच सन्तुलन बनाउने भूमिका निर्वाह गर्नुभएको छ। रासस

# श्रीलङ्काको अर्थतन्त्रमा सुधारको सङ्केत

एएफपी

कोलम्बो ।श्रीलङ्काले सोमबार पहिलो त्रैमासिकमा कमजोर विदेशी मुद्रा सङ्कटबाट सुधार जारी राख्दै अर्थतन्त्र अपेक्षाभन्दा धेरै बलियो बनेको जनाएको छ ।

जनवरीदेखि मार्चसम्ममा ५.३ प्रतिशत विस्तारले अघिल्लो तीन महिनाको तुलनामा वृद्धि देखिएको छ । गत वर्षको सोही अवधिमा अर्थतन्त्रमा १०.७ प्रतिशत सङ्कुचन थियो । ब्लूमबर्ग न्यूजको सर्वेक्षणमा ४.० प्रतिशतको पूर्वानुमान रहेको तर पहिलो त्रैमासिकको सुधारले अनुमान गरिएभन्दा बढी (५.३ प्रतिशत) सुधार देखिएको हो ।

देखिएको छ ।

सेप्टेम्बर २०२२ मा मुद्रास्फीति ७० प्रतिशतको शिखरबाट मेमा ०.९ प्रतिशतमा झरेको कारण निर्माण क्षेत्रमा पनि सुधार देखिएको छ ।गत हप्ता अन्तर्राष्ट्रिय मुद्रा कोषले श्रीलङ्कालाई चार वर्षको २.९ अर्ब डलर कर्जा सहयोगको एक भागको रूपमा तीन करोड ३६ लाख अमेरिकी डलर प्राप्त गरेको थियो । श्रीलङ्का सन् २०२२ अप्रिलमा ४६ अर्ब डलरको विदेशी ऋण तिर्न नसक्दा आर्थिक सङ्कटमा परेको थियो ।

सन् २०२२ मा आर्थिक सङ्कटको चरम अवस्थामा आयातका लागि विदेशी मुद्रा समाप्त भएपछि श्रीलङ्कामा



उप-अर्थमन्त्री रञ्जित सियाम्बलापितियाले सरकारले सन् २०२४ मा समग्र वार्षिक वृद्धि २.२ प्रतिशत हुने अपेक्षा गरेको बताउनुभयो ।सबैभन्दा खराब आर्थिक सङ्कटको सामना गरेको दुई वर्षपछि सकारात्मक वृद्धि हासिल गर्न सफल हनु उल्लेखनिय भएको उहाँले बताउनुभयो । आधिकारिक तथ्याङ्कले सन् २०२३ को जनवरीदेखि मार्चसम्ममा २४.३ प्रतिशत सङ्कुचनको तुलनामा पहिलो त्रैमासिकमा ११.८ प्रतिशतको विस्तारका साथ औद्योगिक क्षेत्रमा तीव्र सुधार

महिनौँसम्म खाद्यान्न, इन्धन र औषधिको अभाव देखिएको थियो । यसैको परिणामस्वरूप सुरू भएको नागरिक आन्दोलनले तत्कालीन राष्ट्रपति गोताबाया राजापाक्षको निवासमा आक्रमण गरेको र आन्दोलनले उहाँलाई पदबाट हट्न बाध्य बनाएको थियो । उहाँका उत्तराधिकारी रनिल विक्रमसिङ्घेले आर्थिक सङ्कटलाई व्यवस्थापन गर्न उदार ऊर्जा अनुदान फिर्ता लिनुभएको थियो भने करलाई दोब्बर बनाई राज्यको राजस्व बढाउन वस्तुहरूको मूल्य बढाउनुभएको थियो ।

## आवश्यक लगानी गरे १ र २१ रनले चुकेको नेपाल

# भविष्यमा रच्ने छन इतिहास




**मनोज कुमार माझी**

जनकपुरधाम । इतिहास रच्नबाट २ पटक नजिक पुगेर पनि नेपाली क्रिकेट टोली असफल हुँदा यसको पीडाको अनुभव नेपाली क्रिकेटर संगै समर्थक सबैले गरिरहेका छन् ।

बलिङ्गमा उत्कृष्ट प्रर्दशनलाई निरन्तरता दिएको आइसीसी टि-२० विश्वकप क्रिकेट प्रतियोगितामा सोमवार नेपाली व्याट्सम्यानहरु मध्ये अधिकाँशको कमजोर प्रर्दशनले बंगलादेशसंग २१ रनले हार बेहर्नू पर्दा नेपाली क्रिकेटर संगै आम नेपालीको मन दुःखेको हो ।

यस अघि सुपर आठमा पुग्न दक्षिण अफ्रिका संग जित्नै पर्ने खेलमा नेपाल टी-२० विश्वकपमा अहिले सम्म कै स्तब्धकारी नतिजा निकाल्न बाट १ रनले मात्र चुकेको थियो । उक्त खेलमा नेपाललाई जित्न २ बलमा २ रन मात्र आवश्यक थियो ।

तर नेपाली ब्याट्सम्यानले आईसीसीको पुर्णकालिन सदस्य राष्ट्र विरुद्ध पहिलो पटक जितेको इतिहास बनाउन सकेन । र उत्कृष्ट बलिङ्गका बावजुद नेपाली क्रिकेट टोली वर्षाले रद्ध श्रीलंका संगको खेलबाट १ अंक जोडदै विश्वकपबाट बाहिरीएको छ ।

समुह चरणको अन्तिम खेलमा सोमवार उत्कृष्ट बलिङ्ग गर्दै बंगलादेशलाई १ सय ६ रन मै रोक्ने नेपाली टोली ब्याटिङ्ग तर्फ चम्कन नसक्दा हार संगै नेपाल २०२६ को टि-२० विश्वकपमा सोझै खेल्ने अवसर समेत गुमाएको छ। यसले नेपाली क्रिकेट टोलीका खेलाडी संगै जिम्मेवार अधिकारी, समर्थक र खेलप्रेमी सबैलाई पिडा संगै चिन्तीत बनाएको छ ।

सामान्य स्कोरमा विपक्षी टिमलाई ध्वस्त बनाउने तर सामान्य लक्ष्य भने पुरा गर्न न सक्ने नेपाली क्रिकेट टोलीको प्रमुख कमजोरी देखिएको छ । त्यसैले भविष्यमा नेपाली ब्याट्सम्यानलाई आफ्नो प्रर्दशनमा सुधार र ब्याटिङ्ग पक्षमा अझ मिहिनेत गर्नु पर्ने आवश्यक्ता देखिएको छ। अर्को तर्फ सिमित साधन, श्रोत र सुविधाका बावजुद विश्वकप क्रिकेट प्रतियोगितामा नेपाली पुरुष क्रिकेट टोलीले जे जस्तो खेल प्रस्तुत गरेको छ । त्यो भने आत्मविश्वास बढाउने र गर्व गर्ने लायक छ । यसले नेपाली क्रिकेटमा आत्मविश्वास पुर्वक लगानी गर्ने वातावरण पनि बनाएको मान्न सकिन्छ । यस्तै कुनै पनि खेलको वास्तविक विकास लागी चाहिने सबै भन्दा प्रमुख र मुलभुत आवश्यक्ता भनेको भौतिक पुर्वाधार नै हो ।

यसको अभावमा खेलको समग्र विकासको कल्पनै गर्न सकिन्न। हामी भौतिक पूर्वाधारमा धेरै पछाडी रहेको कारण पनि विश्वकप क्रिकेटमा पछाडी परेको अनुभव धेरैले गरेका छन् । त्यसैले यो कमि पुरा गर्न सरकार र क्यानले क्रिकेट रंगशाला निर्माण र बृहत योजना सहित घरेलु क्रिकेटको ठोस संरचना अगाडी ल्याउन गम्भिरतका साथ लाग्नु पर्ने देखिएको छ ।

नेपाली क्रिकेटलाई चाहिएको हौसला प्रदान गर्न भावी दिनमा सवल भौतिक पुर्वाधार, नियमित व्यस्त रहने घरेलु र अन्तराष्ट्रिय प्रतियोगिता, क्यानको चूस्त संचालनको संयोजन लगायतका कार्य आवश्यक भएको छ ।

तर्सथ देशको प्रतिष्ठा राख्न सक्षम बन्दै गएको नेपाली क्रिकेटलाई दिगो उपलब्धी दिलाउन सरकारले यस खेलमा लगानी बृद्धि गर्नू आवश्यक भएको छ ।

# भारतीय रेल दुर्घटनामा मृत्यु हुनेको संख्या आठ पुग्यो

एएफपी

कलकत्ता । भारतमा सोमबार एक मालबाहक रेलका चालकले सङ्केतलाई गलतरूपमा बुझ्दा ‘एक्सप्रेस रेल’ को पछाडिको भागमा ठोक्किएको र कम्तीमा आठ जनाको मृत्यु भएको प्रहरी र रेलवे अधिकारीले बताएका छन् ।

दार्जीलिङ जिल्लाको फाँसीदेवा इलाकामा कञ्चनजङ्घा एक्सप्रेस रेललाई मालबाहक रेलले ठक्कर दिँदा दुर्घटना भएको हो ।यात्रुबाहक गाडीका तीनवटा पटरी रेल र रेलको लिकबाट छुट्टिई जमिनमा ढलेका छन् । भारतको पश्चिम बङ्गाल राज्यमा भएको यो घटना भारतको रेल नेटवर्कमा परेको पछिल्लो घटना हो । यहाँबाट हरेक दिन लाखौं यात्रुहरू ओहोरदोहोर गर्छन् ।

भारतीय रेलवे बोर्डका अध्यक्ष जया वर्मा सिन्हाले एक



विज्ञप्ति जारी गर्दै करिब ५० जना घाइते भएको र उनीहरुलाई उपचारका लागि अस्पताल लगिएको जानकारी दिनुभएको छ । सिन्हाले भन्नुभयो, “एउटा मालबाहक रेलले सिग्नललाई बेवास्ता गरेर पछाडिबाट रेललाई ठक्कर दिएको प्रारम्भिक अध्ययनले देखाएको छ।” मृत्यु हुनेमा चालक र सहचालक, रेलका गार्ड र पाँच जना यात्रु रहेको उहाँले पुष्टि गर्नुभयो।

**प्रधानमन्त्री मोदी र मुख्यमन्त्री बनर्जीद्वारा समवेदना व्यक्त**

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले सामाजिक सञ्जालमा एक पोस्ट गर्दै आफ्ना प्रियजन गुमाएकाप्रति समवेदना व्यक्त गर्नुभएको छ । पश्चिम बङ्गालकी मुख्यमन्त्री ममता बेनर्जीले दुर्घटनालाई ‘दुःखद’ बताउनुभएको छ।

दुर्घटनाको केही क्षणपछि उहाँले ‘एम्बुलेन्स र डिजास्टर टिम’ घटनास्थलमा पुगेको र ‘युद्धस्तरमा उद्धारको काम’ गर्न आदेश दिएको बताउनुभएको थियो । स्थानीय प्रहरी अधिकारी इफितकार-उल-हसनले एएफपीसँग भन्नुभयो, “धेरै घाइतेलाई भग्नावशेषबाट बाहिर निकालिएको छ । अझै चार जना घाइतेको अवस्था गम्भीर रहेकोले मृतकको सङ्ख्या अझै बढ्न सक्छ ।” दार्जिलिङका जिल्ला प्रहरी प्रमुख प्रवीण प्रकाशले उद्धार कार्य पूरा भएको र अहिले उद्धार टोलीले भग्नावशेष हटाउने काम गरिरहेको बताउनुभयो ।

# नेपाल बङ्गलादेशसँग २१ रनले पराजित

काठमाण्डु । आइसिसी टि ट्वान्टी विश्वकप क्रिकेट प्रतियोगिताअन्तर्गत समूह चरणको आफ्नो अन्तिम खेलमा नेपाल बङ्गलादेशसँग पराजित भएको छ। वेस्टइन्डिजको सेन्ट भिसेन्टस्थित अरनोस भाले रङ्गशालामा सम्पन्न खेलमा नेपाल बङ्गलादेशसँग २१ रनले पराजित भएको हो । यस खेलसँगै विश्वपकमा समूह डि को समीकरण पूरा भएको छ । समूह डि बाट दक्षिण अफ्रिका र बङ्गलादेश विश्वकपको दोस्रो चरणमा प्रवेश गरेका छन् । आठ अङ्क बटुलेको दक्षिण अफ्रिका शीर्ष स्थानमा रहँदै सुपर आठमा पुगेको हो भने छ अङ्क बटुलेको बङ्गलादेश दोस्रो स्थानमा रहँदै अघिल्लो चरणमा पुगेको हो ।

यस समूहबाट नेपाल, नेदरल्यान्डस र श्रीलङ्का समूह चरणबाटै बाहिरिएका छन् । विश्वकपको यात्रा टुङ्गाएसँगै नेपाली टोलीका लेग स्पीन सन्दीप लामिछानेले भने टि ट्वान्टी अन्तर्राष्ट्रिय क्रिकेटको आफ्नो ५४ औँ खेलमा एक सय विकेट पुरयाउदै विश्वको दोस्रो छरितो खेलाडीको नयाँ कीर्तिमानी बनाउन सफल भएका छन् ।

बङ्गलादेशविरुद्धको खेलमा उनले दुई विकेट लिएसँगै उनको एक सय विकेट पूरा भएको हो। जारी विश्वकपमा सन्दीपको यो दोस्रो खेल हो । यसअघि अमेरिकाले भिसा नदिएपछि सन्दीपले अमेरिकामा नै भएको नेदरल्यान्डस र श्रीलङ्काविद्धको खेल गुमाउन पुगेका थिए । यद्यपी नेपाल र श्रीलङ्काको खेल भने वर्षाका कारण रद्द भएको थियो ।

अफगानिस्तानका रासिद खानले ५३ खेलमा एक सय विकेट लिँदै टि ट्वान्टी अन्तर्राष्ट्रिय खेलमा सबैभन्दा कम खेलेर एक सय विकेट लिने कीर्तिमान बनाएका थिए ।

आजको खेलमा बङ्गलादेशले जितका लागि दिएको एक सय सात रनको विजयी लक्ष्य पच्छाएको नेपाल १९ दशमलव २ ओभरमा सबै विकेट गुमाउँदै ८५ रनमै समेटियो । नेपालका लागि कुशल मल्लले सर्वाधिक २७ रनको योगदान दिए। उनले ४० बलमा एक चौका र एक छक्काको सहायताले सर्वाधिक २७ रन बनाएका हुन ।

त्यसैगरी दीपेन्द्रसिंह ऐरीले ३१ बलमा दुई चौका र एक छक्काको मद्दतमा २५ रन बनाए । त्यस्तै



आसिफ शेखले १४ बलमा चार चौका प्रहार गर्दै १७ रन बनाउनुबाहेक अन्य खेलाडीले दोहोरो अङ्कका रन बनाउन सकेनन् । कुशल भुर्तेल चार रनमा आउट हुँदा रोहितकुमार पौडेल र सन्दीप जोरा समान एक एक रनमा आउट भए । अनिल शाह, गुलशन झा, सोमपाल कामी, सन्दीप लामिछाने र अभिनाश बोहोरा शून्यमा आउट भए । नेपाललाई सस्तैमा समेट्नेक्रममा बङ्गलादेशका लागि तान्जिम हसन सकिबले चार विकेट लिए भने, मुस्ताफिजुर रहमानले तीन विकेट झारे । त्यस्तै सकिब अल हसनले दुई र तस्किन अहमदले एक विकेट लिए ।

त्यसअघि टस हारेर पहिला ब्याटिङको निम्तो पाएको बङ्गलादेशले १९ दशमलव ३ ओभरमा सबै विकेट गुमाउँदै एक सय ६ रनको योगफल बनाएको थियो । बङ्गलादेशका लागि सकिब अल हसनले २२ बलमा २ चौकासहित सर्वाधिक १७ रनको योगदान दिए । त्यस्तै रिशाद हसनले सात बलमा एक चौका र एक छक्कासहित १३ रन जोडे । महमुदूल्लाह रियादले १३ बलमा दुई चौकाको सहायताले समान १३ रन नै जोडे ।

यसैगरी तक्किन अहमद र जाकेर अलीले समान १२/१२ रन जोडे भने लिटन दासले १० रन बनाए । तोव्हीद ह्रिदोयले ९, कप्तान नाज्मुल हसन सान्टाले ४ तथा तान्जिम हसन सकिब र मुस्तब फिजुर रहमानले समान ३/३ रन बनाए । नेपालका सोमपाल कामी, दीपेन्द्रसिंह ऐरी, सन्दीप लामिछाने र रोहितकुमार पौडेलले समान दुई दुई विकेट लिएका थिए । यस खेलसँगै जितविहीन रहँदै नेपालले विश्वकपको यात्रा टुङ्गायो ।रासस

# अमेरिकी पत्रकार गेर्शकोभिचविरूद्ध जुन २६ मा सुनुवाई सुरू गरिने

एएफपी

मस्को । अमेरिकी पत्रकार इभान गेर्शकोभिचविरूद्ध रूसमा जासुसीको आरोपमा जुन २६ देखि सुनुवाइ सुरु हुने युराल्स शहरस्थित येकातेरिनबर्गको एक अदालतले सोमबार जनाएको छ।

सुनुवाई ‘पहिलो सुनुवाइ’ सन् २०२४ को जुन २६ का लागि तय गरिएको सेभर्ड्लोभ्स्क क्षेत्रीय अदालतले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।‘वाल स्ट्रिट जर्नल’का रिपोर्टरलाई मार्च २०२३ मा येकातेरिनबर्गमा रिपोर्टिङ लागि रूसमा रहेका समय गिरफ्तार गरिएको थियो र त्यसपछि उनलाई मस्कोको लेफोर्टोभो जेलमा राखिएको थियो ।गत साता रूसी महान्यायाधिवक्ताले उनीमाथि सिआइएका लागि काम गरेको र सेभर्ड्लोभ्स्क क्षेत्रमा ट्यांक निर्माता युराल्भागोन्जाभोडको बारेमा गोप्य सूचना सङ्कलन गरेको आरोप लगाएका थिए।

संयुक्त राज्य अमेरिकाले आरोपहरूको ‘शून्य विश्वसनीयता’ भएको बताएको छ । वाल स्ट्रिट जर्नलले रूसको घोषणालाई ‘अपमानजनक“ भन्दै आलोचना गरेको छ ।जर्नलकी मुख्य सम्पादक एम्मा टकर र उच्च अधिकारीहरूले एक विज्ञप्तिमा भनेका छन्, “इभान गेर्शकोभिचले झूटो र आधारहीन आरोपको सामना गर्नुपरेको छ । रूसको पछिल्लो कदम रूस अमेरिकाबीचको प्रतिद्वन्द्विताका कारण अपेक्षित भए पनि निकै निराशाजनक र अपमानजनक छ।”

मस्कोले यसअघि गेर्शकोभिचविरुद्धको मुद्दाको कुनै पनि सार्वजनिक विवरण उपलब्ध गराएको थिएन र उनी ‘रङ्गेहात पक्राउ परेको’ बताएको थियो ।रासस

# नागरिकलाई युक्रेनमा फिर्ता गर्नुपर्छ : जेलेन्स्की

एएनआई

बर्न । स्विट्जरल्यान्डमा शान्ति शिखर सम्मेलनको समापनपछि युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले गैरकानुनी रूपमा विस्थापित तथा हिरासतमा रहेका बालबालिका र सबै युद्धबन्दीलाई युक्रेनमा फिर्ता गर्नुपर्ने बताउनुभएको छ।

युक्रेनमा युद्धको अन्त्य गर्ने मार्ग निर्माण गर्न समर्पित स्विजरल्याण्डमा दुई दिने शिखर सम्मेलनमा सहभागी ८० भन्दा बढी अन्य देशहरू र अन्तर्राष्ट्रिय संस्थाहरू सहमत भएपनि केही तर प्रमुख शक्ति राष्ट्रहरूले संयुक्त विज्ञप्ति जारी गर्न अस्वीकार गरेका थिए। युद्धबन्दीको आदानप्रदानद्वारा सबैलाई रिहा गरिनुपर्ने, निर्वासित र गैरकानुनी रूपमा विस्थापित युक्रेनी बालबालिका, र हिरासतमा राखिएका सबै युक्रेनी नागरिकलाई युक्रेनमा फिर्ता गर्नुपर्ने सम्मेलनपछि पत्रकारसँगको कुराकानीमा उहाँले बताउनुभयो।

आणविक सुविधाहरू सुरक्षित गरिनुपर्ने र जापोरिज्झियालगायतका आणविक संयन्त्रहरू युक्रेनको नियन्त्रणमा हुनुपर्ने पनि उहाँले बताउनुभयो।

युक्रेनले ब्ल्याक र अजोभ सीमा व्यापारिक जहाज र नागरिक बन्दरगाह पूर्वाधारमा भएका आक्रमणलाई ‘अस्वीकार्य’ भन्दै निन्दा गरेको छ । उनले खाद्य सुरक्षालाई युद्धमा हतियारको रूपमा प्रयोग नगर्न पनि जोड दिनु भयो।

भारत, साउदी अरब, दक्षिण अफ्रिका र संयुक्त अरब इमिरेट्सलगायत ब्रिक्स आर्थिक समूहका सदस्यको रूपमा रुससँग व्यापारिक सम्बन्ध भएकाहरु बैठकमा सहभागी भएपनि संयुक्त वक्तव्यमा हस्ताक्षर गर्न सहमत भएनन् ।

जुन १५ र १६ मा सञ्चालित शान्ति शिखर सम्मेलनमा रूसलाई युक्रेनसँगको युद्ध अन्त्य गर्न दबाब दिन ९२ देश र सङ्गठनका प्रतिनिधि भेला भएका थिए भने रूसलाई निमन्त्रणा गरिएको थिएन । चीन शिखर सम्मेलनबाट बाहिरिएको थियो।

# विश्व बैंकका वरिष्ठ प्रबन्ध निर्देशक नेपालमा



काठमाण्डु । विश्व बैंकका वरिष्ठ प्रबन्ध निर्देशक एक्सेल भान ट्रोसेनवर्ग काठमाडौँमा आयोजना हुन लागेको अन्तर्राष्ट्रिय विकास संस्था (आइडा) को बैठकमा भाग लिन आज नेपाल आइपुग्नुभएको छ।

विश्व बैंक समूहले प्रेस विज्ञप्ति जारी गर्दै मङ्गलबारदेखि सुरु हुन लागेको आइडा-२१ बैठकको अध्यक्षता गर्न तथा उच्चस्तरीय भेटघाटका लागि उहाँ काठमाडौँ आउनुभएको जनाएको छ।

आफ्नो पाँच दिनको नेपाल भ्रमणका क्रममा वरिष्ठ प्रबन्ध निर्देशक एक्सेलले प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड', अर्थमन्त्री वर्षमान पुन, मुख्यसचिव डा वैकुण्ठ अर्याल, विभिन्न विकास साझेदारलगायतसँग भेटघाट गर्नुहुनेछ । साथै उहाँले २०७२ सालको भूकम्पपछि आइडाको सहायतामा पुनःनिर्माण भएको काभ्रेपलाञ्चोकको रविओपी क्षेत्रको अवलोकन भ्रमणसमेत गर्नुहुनेछ।

विश्व बैंक समूहअन्तर्गतको अन्तर्राष्ट्रिय विकास संस्थाको तेस्रो परिपूरण (थर्ड रेप्लेनिसमेन्ट) बैठकअर्थात् आइडा-२१ बैठक यही असार ४ देखि ७ गते (जुन १८ देखि २१ तारिख) सम्म काठमाडौँमा आयोजना हुँदैछ । आइडा-२१ बैठकले न्यून आय भएका राष्ट्रहरुका लागि सहुलियतपूर्ण वित्तीय स्रोत परिचालन गर्न कस्तो नीति तथा मार्गदिशा तय गर्ने भन्नेबारे छलफलसहित महत्वपूर्ण निष्कर्ष निकाल्नेछ।


साथै बैठकका क्रममा विश्वव्यापी विकास लक्ष्य पूरा गर्न प्रयोग गरिने स्रोतहरुको सङ्कलन र नवीकरण गर्न दाता तथा ऋण लिने राष्ट्र एकै ठाउँमा बसेर छलफल गरी आगामी रणनीति तयार गर्नेछन् । यो बैठक आयोजक देशका रुपमा नेपालले कूटनीतिक लाभसमेत लिने अपेक्षा गरिएको छ।

आइडा-२१ बैठकको प्रधानमन्त्री दाहालले उद्घाटन गर्नुहुनेछ। अर्थ मन्त्रालयका अनुसार बैठकमा ७० देशका दुई सयभन्दा बढी व्यक्ति सहभागी हुँदैछन् । यो बैठक व्यवस्थापनका लागि अर्थ सचिव मधुकुमार मरासिनीको नेतृत्वमा आयोजक समिति र मन्त्रालयको अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखा प्रमुख सहसचिव श्रीकृष्ण नेपालको संयोजकत्वमा व्यवस्थापन तथा समन्वय समिति गठन गरिएको छ।

सन् १९६० मा स्थापना भएको आइडा विश्व बैंकको सहुलियतपूर्ण ऋण र अनुदानका अतिरिक्त आर्थिक विकासमा पछि परेका मुलुकका लागि बहुपक्षीय सहायता प्रदान गर्ने निकाय हो । आइडाले न्यून र मध्यम आय भएका विश्वका ७५ भन्दा बढी मुलुकमा सहायता उपलब्ध गराउँदै आएको छ।

नेपालको सबैभन्दा ठूलोमध्येको विकास साझेदार तथा दातृ निकायका रुपमा रहेको आइडाले नेपालमा शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाइ, कृषि, पूर्वाधारलगायतका क्षेत्रमा वित्तीय सहायता र विभिन्न संस्थागत सुधारका लागि सहुलियतपूर्ण वित्तीय स्रोत उपलब्ध गराउँदै आएको छ ।रासस

# नेपाल र भारतबीचको आर्थिक सम्बन्ध थप विस्तारमा जोड



काठमाण्डु । नेपाल-भारतबीचको सामाजिक र आर्थिक सम्बन्धलाई थप विस्तार गर्दै दुवै देशको समृद्धिका लागि सरकार र जनस्तरबाट पहल हुनुपर्नेमा जोड दिइएको छ।

'एसोसिएसन फर इकोनोमिक ग्रोथ' र 'अर्गनाइजेसन फर कमर्श एण्ड इन्ड्रष्ट्री फोरम' द्वारा आइतबार काठमाडौँमा आयोजित 'इन्डो नेपाल फ्रेन्डसिप ब्याङ्क्युट-२०२४' का अवसरमा सहभागी वक्ताहरूले विश्व अर्थतन्त्रको चुनौतीको सामना गर्न राष्ट्रिय र अन्तर्राष्ट्रिय व्यापार र व्यवसायका विद्यमान समस्याको पहिचान गरी समाधानमा लाग्नसमेत आग्रह गरेका छन्।

कार्यक्रममा भारत-नेपालमैत्री सङ्घका प्रवक्ता शशीभूषण कुमारले नेपाल र भारतबीच वर्षौंदेखि आर्थिक, सामाजिक, सांस्कृतिक र साहित्यिक सम्बन्ध रहेको उल्लेख गर्दै दुई देशबीचको सीमापार आवतजावतमा कुनै प्रतिबन्ध नहुनुले आपसी सम्बन्धमा प्रगाढता रहेको बताउनुभयो।

कार्यक्रममा हाल नेपालमा बस्दै आएका बेलायती नागरिक गारी देला पोमेराइ, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका पूर्वउपसचिव रामप्रसाद सुवेदी, 'इडियु टेक नेपाल'का अध्यक्ष मदन दाइना सिलवाललगायतले आर्थिक समृद्धिका सवालमा आफ्ना अनुभव प्रस्तुत गर्नुभएको थियो।कार्यक्रममा भारतको विहार स्थित 'हबी बेल्स-आइसक्रिम वैशाली'का प्रबन्ध निर्देशक शत्रुधन चौधरीलाई 'गोल्ड स्टार एसिया इन्टरनेसनल अवार्ड' प्रदान गरिएको थियो ।रासस

# बालबालिकालाई श्रममा लगाउने उद्योग प्रतिष्ठान कारबाहीमा



वाग्मती । बालबालिकालाई श्रममा लगाउने १५ उद्योग प्रतिष्ठान तथा रोजगारदातालाई श्रम तथा रोजगार कार्यालय हेटौँडाले कारबाही गरेको छ।

चालु आर्थिक वर्ष २०८०/८१ को १० महिनामा गरिएको अनुगमनका क्रममा बालश्रमिकका रुपमा काम लगाउने प्रतिष्ठान तथा रोजगारदातामाथि कारबाही गरिएको सो कार्यालयका प्रमुख छन्दनारायण श्रेष्ठले जानकारी दिनुभयो । उहाँका अनुसार प्रतिष्ठान तथा रोजगारदातामाथि कारबाही गरी रु ३७ हजार सात सय जरिवाना र रु तीन लाख ४० हजार सात सय १२ क्षतिपूर्ति तिराइएको छ । सो अवधिमा विभिन्न उद्योग प्रतिष्ठानहरुबाट बालश्रमिकका रुपमा रहेका २२ जना बालबालिकाको उद्धार गरिएको कार्यालय प्रमुख श्रेष्ठले बताउनुभयो।

चालु आर्थिक वर्षको वैशाखसम्म दुई सय प्रतिष्ठानमा अनुगमन गरिएको थियो। अधिकांश ठूला उद्योग प्रतिष्ठानहरुमा न्यूनतम पारिश्रमिकलगायत श्रम कानुनको पालना गरिएको भए पनि साना उद्योग प्रतिष्ठानहरुमा नियुक्तिपत्र, न्यूनतम पारिश्रमिक, सामाजिक सुरक्षा, व्यवसायजन्य सुरक्षाको अवस्था कमजोर रहेको उहाँले जानकारी दिनुभयो।

अनुगमनका क्रममा कमजोरी देखिएका उद्योग प्रतिष्ठानहरुलाई सुधार गर्न निर्देशन दिइएको र श्रमिक तथा व्यवस्थापकहरुलाई समेटेर सचेतनामूलक कार्यक्रमसमेत गरिएको उहाँले बताउनुभयो । श्रम तथा रोजगार कार्यालय हेटौँडामा होटल, उद्योग, वर्कशप गरी ५० वटा साना-ठूला उद्योग प्रतिष्ठान सूचीकृत छन् । चालु आवमा एक सय ५० प्रतिष्ठानलाई सूचीकृत हुन ताकेता गरिएको कार्यालय प्रमुख श्रेष्ठले बताउनुभयो।

कार्यालयमा धेरै जसो उजुरीहरु पारिश्रमिक नपाएको सम्बन्धी आउने गरेको उहाँको भनाइ छ। चालु आर्थिक वर्षको १० महिनामा पारिश्रमिकसम्बन्धी ७० वटा उजुरी दर्ता भएकामा ५५ वटा उजुरी प्रत्यक्ष वार्तामार्फत समाधान गरिएको र बाँकी १५ वटा उजुरी समाधानको प्रक्रियामा रहेको प्रमुख श्रेष्ठले जानकारी दिनुभयो । उहाँका अनुसार सो अवधिमा श्रमिक आपूर्तिकर्ता कम्पनी दर्ता तथा नवीकरणबापत रु ६८ हजार पाँच सय, बालश्रमसम्बन्धी जरिवाना बापत रु ३७ हजार सात सय र ट्रेड युनियन दर्ता तथा नवीकरणबापत रु एक हजार छ सय ५३ गरी रु एक लाख सात हजार आठ सय ५३ राजस्व सङ्कलन भएको छ । यस अवधिमा मकवानपुर, चितवन, सिन्धुलीमा विभिन्न सचेतनामूलक कार्यक्रम गरिएको कार्यालयले जनाएको छ ।रासस

# एक लाख पर्यटक भित्र्याउने लक्ष्यसहित 'मुन्दुम ट्रेल' भ्रमण वर्ष मनाइने,



काठमाण्डु । सन् २०२५ लाई मुन्दुम ट्रेल भ्रमण वर्षका रूपमा मनाइने भएको छ। आज पर्यटन बोर्डमा आयोजित एक कार्यक्रममा मैयुङ टेम्के साल्पा सिलिचुङ टुरिजम प्रोमोसन सेन्टरका अध्यक्ष रमेशकुमार राईले सन् २०२५ लाई मुन्दुम ट्रेल भ्रमण वर्ष मनाउने तयारी भएको जानकारी दिनुभयो

उहाँले सात वर्षदेखि ट्रेलको प्रवर्द्धन र प्रचारप्रसार गर्दै आएकामा सन् २०२५ मा आन्तरिक तथा बाह्य गरी एक लाख पर्यटक भित्र्याउने लक्ष्यसहित भ्रमण वर्ष मनाउन थालिएको बताउनुभयो। त्यसका लागि खाना, बस्न, खानेपानी, शौचालय, पार्टीपौवालगायत सङ्ख्या बढाउन र सेवा सुविधा थप्न आवश्यक छलफल भइरहेको उहाँले जानकारी दिनुभयो । "पर्यटकका लागि अत्यावश्यक सेवा सुविधा थप्नुपर्ने आवश्यकता छ। सूचना तथा उद्धार केन्द्र स्थापनादेखि अन्य व्यवस्थापकीय काममा ध्यान दिनुपर्नेछ । यसो गरेमा तोकिएको संख्यामा पर्यटक पुऱ्याएर स्थानीयले अझबढी आर्थिक लाभ लिनसक्ने हाम्रो विश्वास छ", अध्यक्ष राईले भन्नुभयो । भ्रमण वर्षको मुख्य आकर्षणमा गोठस्टे, सुन्तला, धामी, साकेला उभौली र उधौली, रुद्राक्षलगायत महोत्सव आयोजना गर्ने आयोजकको योजना छ । मुन्दुम ट्रेलमा किराती बाहुल्य भोजपुर, खोटाङ, सोलुखुम्बु, सङ्खुवासभालगायत पर्यटकीय क्षेत्रहरू पर्दछन् । यो ट्रेल सहज पदमार्गका रूपमा परिचित छ।

पूर्वपर्यटनमन्त्री सुदन किरातीले मुन्दुम ट्रेल सांस्कृतिक मार्ग भएकाले यो अरु मार्गभन्दा भिन्न रहेकाले त्यसको 'ब्राण्डिङ' गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो। उहाँले भन्नुभयो, "मुन्दुम ट्रेल सांस्कृतिक मार्ग हो त्यसैले यो अरुभन्दा भिन्न छ । यसको ब्रान्डिङ गर्दै ऋतुअनुसार पर्यटकलाई आकर्षित बनाउनुपर्ने आवश्यकता छ । यसको प्राकृतिक स्वरुप नबिग्रिने गरी विकास गर्नसके धेरै राम्रो हुन्छ किनकि कसैलाई लालीगुँरास हेर्न मनपर्ला कसैलाई कुहिरो। रैथाने संस्कृति तथा प्रकृति संरक्षण गर्दै खुला सांस्कृतिक सङ्ग्रहालयको अवधारणाअनुसार अगाडि बढौँ।"

पर्वतीय पर्यटन व्यवसायीको छाता सङ्गठन ट्रेकिङ एजेन्सिज एशोसिएशन अफ नेपाल (टान) का अध्यक्ष निलहरि बास्तोलाले स्थानीय तहले अपनत्व नलिएसम्म यो ट्रेलको प्रवर्द्धन हुन नसक्ने बताउनुभयो । "यस्ता खालका पर्यटकीय ट्रेललाई स्थानीय तहले नै प्रवर्द्धन गर्ने हो। कति धेरै ट्रेलहरु हराएर गएका छन्। त्यसलाई हामी बचाउन खोजिरहेका छौँ। गाडीको बाटो चाहिन्छ तर ट्रेल बनाइरहँदा वैकल्पिक बाटो पनि खोज्नुपर्छ", उहाँले भन्नुभयो।

कार्यक्रममा पाँच जनालाई मुन्दुम ट्रेल पर्यटन दूत पनि घोषणा गरिएका छन्। गायक राजेशपायल राई, कलाकार दयाहाङ राई, अल्ट्रा धावक मिरा राई, विश्व साइकल यात्री पुष्कर शाह र माउण्टेन गाइड तथा पर्वतारोही पेम्बा वाङ्चु शेर्पालाई पर्यटन दूत घोषणा गरिएको हो ।रासस

# भिर मौरीको मह सिकारबाट मनग्य आम्दानी



Photo : RSS

काठमाण्डु । ताप्लेजुङका भिर मौरी सिकारीले भिर महबाट मनग्य आम्दानी गर्दै आएका छन्। सिकारीले पहाडी क्षेत्रमा भिरमा बसेका भिर मौरीको मह सिकार गरेर मनग्य आम्दानी गर्दै आएका छन्।

सिरिजङ्गा गाउँपापिलका–८ याम्फुदीनका सन्तोष राईले गत जेठ पहिलो साता चार पोला भिरको मह काढ्नुभयो । राईले चार पोला भिर मह काढ्दा दुई सय बोतलभन्दा बढी मह जम्मा गर्नुभयो। गाउँघरमा प्रतिबोतल रु दुई हजार खरिद बिक्री हँदै आएको छ । राई एक याममा रु चार लाखभन्दा बढी कमाउन सफल हुनुभएको छ । राईका अनुसार वर्षमा दुई याम भिर मौरीको महको सिकार गरिन्छ । वर्षमा करिब रु पाँचदेखि सात लाख भिर मौरीबाट आम्दानी गर्दै आएको राईको भनाइ छ।

उहाँले घर मौरीसमेत पालन गर्नुभएको छ । उहाँले आनुधिक प्रविधिका ३० घारमा मौरी पालन गर्नुभएको छ । उहाँले वर्षमा घर मौरीबाट चार सय ५० बोतल उत्पादन गर्दै आउनुभएको छ । राईका अनुसार गाउँ घरमा घर मौरीबाट करिब रु छ लाख आम्दानी हुन्छ। भिर मौरी सिकार गर्नका लागि प्रतिघार रु दुई हजार सामुदायिक वनलाई रोयल्टी बुझाएर मात्र भिर मौरीको सिकार गर्न पाइने राईले बताउनुभयो । याम्फुदिन क्षेत्रमा जेठ महिनामा २५ पोला भिर मौरीको मह सिकार भएको सिरिजङ्गा गाउँपालिका-८ स्थानीय तथा कञ्चनजङ्घा संरक्षण क्षेत्र व्यवस्थापन परिषद् याम्फुदीन कार्यालय प्रमुख सूर्यमान राईले बताउनुभयो।

मालिङ्गाको चोया प्रयोग गरेर बाटिएको डोरीबाट बनेको पऱ्याङ, गादा (सेप्टी), सुता, छपनी र डालो, मालिङ्गोकै दाबिलो, तसुरोलगायत सामग्रीको सहयोगमा भिर मौरीको मह सिकार गरिन्छ। पऱ्याङको माध्यमबाट चढ्ने, सुताको माध्यमबाट डालो, तसुरो र दाबिलो प्रयोग गरेर मह निकाल्ने गरिन्छ। स्थानीय भाषामा मह निकाल्नेलाई पऱ्याङ्गे भनिन्छ भने सुताको माध्यमबाट पऱ्याङ, दाबिलो, जोतारो, डालोजस्ता सामग्री मह निकाल्ने पऱ्याडेसम्म पुऱ्याउनेलाई सुतारे भनिन्छ।

पऱ्याङ्गेले भिरबाट निकालेको मह छान्ने, भाडामा खन्याउने, धुवाँ लगाउनेलगायत अन्य काम गर्ने व्यक्तिलाई सहयोगी भनिन्छ। याम्फुदिनका दर्जन बढी भिरमा वर्षौंदेखि भिर मौरी बस्ने गरेको पाइएको छ।

भिर मौरीले जडीबुटीजन्य फूलबाट मह बनाउने भएकाले भिर मौरीको महलाई औषधीय गुण भएको मह मानिन्छ। धेरै खाँदा मात लाग्ने भिर मौरीको मह हाडजोर्नी, नशासम्बन्धी समस्या, युरिक एसिड, रक्तचापलगायत दीर्घरोग भएका व्यक्तिका लागि उपयुक्त औषधि हुने बताइन्छ । फेदीमा पुर्स्तौंदेखि परम्परागत संस्कारका रूपमा भिर मौरीको मह निकालिँदै आइएको स्थानीय मह सिकारी हस्तरामले बताउनुभयो ।

उत्पादित भिर मौरीको मह जिल्लाको प्रमुख व्यापारिक केन्द्र फुङ्लिङ बजार हो । फुङ्लिङमा सञ्चालित ताप्लेजुङको कोसेली घरका सञ्चालक ललित गुरुङका अनुसार ताप्लेजुङ कोसेली घरबाट वर्षमा दुई सयदेखि तीन सय बोतलसम्म बिक्री हुँदै आएको छ।

गुरुङको कोसेली घरमा प्रायः फक्ताङलुङ-६ लेलेपदेखि भिर मौरीको मह आउने गरेको छ। कोसेली घरमा प्रतिबोतल रु तीन हजारदेखि रु तीन हजार पाँच सयसम्म खरिद बिक्री हुँदै आएको छ । डिभिजन वन कार्यालयका अनुसार गत २०७९/८० को आवमा पाँच हजार किलो भिर मह सङ्कलन भएको तथ्याङ्क रहेको छ । सो बराबर मह सङ्कलन हुँदा रु दुई हजार रोयल्टी जम्मा भएको डिभिजन वन कार्यालयले जनाएको छ।

ताप्लेजुङमा उत्पादन भएको मह झापा, धरान, विराटनगर, काठमाडौँ, बेलायत, हङकङ, सिङ्गापुरलगायत ठाउँमा निर्यात हुने गरेको गुरुङले बताउनुभयो। पछिल्लो समय जलवायु परिवर्तन तथा नेपाली कागज उद्योगमा प्रयोग गरिने रासायनिक पदार्थका कारण ताप्लेजुङमा भिर मौरी मासिँदै गएको फक्ताङलुङ-६ का स्थानीय तथा कञ्चनजङ्घा संरक्षण क्षेत्र व्यवस्थापन परिषद सदस्य केरसिंङ लिम्बूले बताउनुभयो।

"पहिले पहिले एउटै भिरमा नौ/दश पोला मैरी हुन्थ्यो", उहाँले भन्नुभयो, "अहिले विभिन्न कारणले भिर मौरी घट्दै गएको छ, यसप्रति सम्बन्धित निकायले ध्यान दिनुपर्ने अवस्था आएको छ ।" पछिल्लो समयमा सडक तथा पूर्वाधार विकास निर्माण प्रयोग हुने मेसिनले भिर पहरा प्रत्यक्ष तथा अप्रत्यक्ष असर हुने भएकाले समेत भिर मौरी सङ्कटमा पर्दै गएको लिम्बूको भनाइ छ।

परम्परागत रूपमा सिकार गर्दा एक पटकमा धेरै मौरी मरेकाले समेत अझ सङ्कटमा पर्न पुगेको स्थानीयको भनाइ छ। उँधौलीको समयमा कात्तिक-मङ्सिर तथा उँधौलीको समयमा जेठ-असार गरी दुई पटक भिर मौरीको मह सिकार गर्ने गरिँदै आएको छ।रासस

# तीन औद्योगिक ग्राम सञ्चालनको तयारी

पोखरा । गण्डकी प्रदेशमा निर्माण घोषणा भएका २९ औद्योगिक ग्राममध्ये तीन औद्योगिक ग्राम आगामी आव २०८१/८२ भित्र सञ्चालनमा ल्याइने भएको छ।

उद्योग, पर्यटन, वन, तथा वातावरण मन्त्रालयका अनुसार तनहुँको आँबुखैरेनी गाउँपालिका, स्याङ्जाको अर्जुनचौपारी गाउँपालिका र पूर्वाधारको अवस्था हेरेर थप एउटा स्थानीय तहमा औद्योगिक ग्राम सञ्चालनको तयारी गरिएको हो । मन्त्रालयको उद्योग-वाणिज्य महाशाखाका प्रमुख रामप्रसाद आचार्यले तीन औद्योगिक ग्राम सञ्चालनको योजनालाई प्रदेश सरकारको बजेटले समेटेको जानकारी दिनुभयो। "आँबुखैरेनी र अर्जुनचौपारीमा उद्योग स्थापनाका लागि सम्झौतासमेत भइसकेको छ, आँबुखैरेनीमा बाँसको फर्निचर र फलामको मेसिनरी उद्योग खोल्ने तयारी छ", उहाँले भन्नुभयो, "मन्त्रालयले स्थानीय तहलाई कार्यविधि तोकेर पठाएको छ, सोहीअनुसार औद्योगिक ग्राम सञ्चालनको प्रक्रिया अगाडि बढ्छ।"

उहाँले प्रदेशका अन्य औद्योगिक ग्राम सञ्चालनका लागि न्यूनतम भौतिक पूर्वाधार निर्माणको काम भइरहेको बताउनुभयो । समयमा जग्गा व्यवस्थापन नहुनु, अन्तर निकाय र मन्त्रालयबीच समन्वय अभाव, स्थानीय तहको तदारुकतामा कमीजस्ता कारणले औद्योगिक ग्राम निर्माणले सोचे जसरी गति लिन नसकेको उहाँले बताउनुभयो।

"बजेटका कारणले नभई अरू नै समस्याले औद्योगिक ग्रामको काम सुस्त देखिएको छ", महाशाखा प्रमुख आचार्यले भन्नुभयो, "यसमा स्थानीय तहको नै बढी पहल र सक्रियताको खाँचो छ।" मन्त्रालयले कामको प्रगति मूल्याङ्कनका आधारमा मात्र अब औद्योगिक ग्रामलाई बजेट दिने गरेको छ। लगानी प्रबन्ध र कार्यान्वयनमा स्थानीय तहले देखाएको उदासीनताका कारण कतिपय औद्योगिक ग्राम घोषणामा मात्र सीमित बनेका छन् । प्रदेशको महत्वपूर्ण औद्योगिक पूर्वाधारका रुपमा हेरिएको औद्योगिक ग्राम निर्माण र सञ्चालनमा भएको ढिलाइप्रति जनस्तरमा पनि गुनासो बढेको छ।

तीनै तहका सरकारको लागत साझेदारीमा औद्योगिक ग्राम खोल्ने नीति छ। औद्योगिक ग्रामका लागि सङ्घ र प्रदेश सरकारबाट बजेट उपलब्ध भए पनि योजना कार्यान्वयनको जिम्मा स्थानीय तहलाई छ। जग्गा व्यवस्थापन गर्न नसकेर कतिपय ठाउँमा योजना नै अघि बढ्न सकेको छैन । कहीँ लगानी भएर पनि कामको उपलब्धि कमजोर छ ।प्रदेश सरकारले गाउँठाउँमै उद्योगधन्दा खोली रोजगारी सृजना गर्ने सरकारको लक्ष्यअनुसार औद्योगिक ग्राम निर्माणको योजना अगाडि बढाएको हो । स्थानीय साधन, स्रोतको उपयोगसँगै रोजगारी सृजना र आर्थिक समृद्धिमा औद्योगिक ग्रामले टेवा पुऱ्याउने विश्वास लिइएको महाशाखा प्रमुख आचार्यले बताउनुभयो।

तनहुँको भानु नगरपालिकाका प्रमुख आनन्दराज त्रिपाठीले विकास आयोजनाको भविष्य र दिगोपना विचार गरेर मात्र सरकारले लगानी गर्नुपर्ने बताउनुभयो। उहाँले औद्योगिक ग्रामका लागि योजनाबद्ध रुपमा बजेट, कार्यक्रम ल्याउनुपर्ने बताउनुभयो । 'एक स्थानीय तह, एक औद्योगिक ग्राम'को सरकारी अभियानलाई गति दिन सबै पक्ष जिम्मेवार भएर लाग्नुपर्ने प्रमुख त्रिपाठीले बताउनुभयो।

एउटा औद्योगिक ग्राममा रु २० देखि २५ करोडसम्मका पूर्वाधार निर्माण हुने मन्त्रालयले जनाएको छ । औद्योगिक ग्रामका लागि स्थानीय तहले जग्गा उपलब्ध गराउनुपर्ने प्रावधान छ । सङ्घ र प्रदेश सरकार दुवैको नीति तथा कार्यक्रममा सबै स्थानीय तहमा औद्योगिक ग्राम बनाउने उल्लेख छ । स्थानीय तहले जग्गाको जोहो गरेपछि मात्र सङ्घ र प्रदेश सरकारले औद्योगिक पूर्वाधार निर्माणका लागि लगानी गर्छन् ।औद्योगिक ग्राममा खानेपानी, बिजुली, नाली, घेरबार, प्रवेशद्वार, प्रदर्शनी, बिक्री र भण्डारण कक्षलगायत भौतिक पूर्वाधार निर्माण गरिनेछ। निजी क्षेत्रलगायत अन्य सरोकार भएका पक्षसँगको समन्वय र सहकार्यमा औद्योगिक ग्राम सञ्चालनमा ल्याइनेछ।

औद्योगिक ग्राममा साना तथा मझौला उद्योग रहने महाशाखा प्रमुख आचार्यले जानकारी दिनुभयो । स्थानीय स्तरमा पाइने कच्चापदार्थ, कृषि, वन पैदावर, जडीबुटी, खानी, खनिज आदिमा आधारित उद्योग खोल्न सकिने व्यवस्था छ। औद्योगिक ग्रामका लागि सरकारले हिमाली र दुर्गम पहाडी जिल्लामा ३० रोपनी, पहाडी क्षेत्रमा ४० रोपनी र तराईमा सात बिघा जग्गाको मापदण्ड तोकेको छ।

गण्डकीप्रदेशमातनहुँकोभानुनगरपालिका, ऋषिङ, आँबुखैरनी गाउँपालिका, स्याङ्जाको अर्जुनचौपारी, कालिगण्डकी गाउँपालिका, चापाकोट, वालिङ नगरपालिका, लमजुङको राइनास नगरपालिका, बागलुङको ताराखोला, मनाङको चामे गाउँपालिकालगायत स्थानीय तहमा औद्योगिक ग्राम निर्माणको घोषणा गरिएको छ ।रासस

# चालु खर्च बढ्यो, पुँजीगत खुम्चियो

सिमकोट । कर्णाली प्रदेश सरकारअन्तर्गत हुम्लामा रहेका सरकारी कार्यालयको फागुन मसान्तसम्म पुँजीगत खर्च १४ प्रतिशत र चालुतर्फ २० प्रतिशत खर्च भएको थियो ।गत चैत, वैशाख र जेठ गरी तीन महिनामा प्रदेश मातहतमा रहेका कार्यालयले असारे विकासलाई प्रथामिकता दिएका छन् । यसले कार्यालयमा चालु खर्च बढ्नुका साथै पुँजीगत खर्च खुम्चिएको छ।

बजेट खर्च गर्न हिउँदमा सुस्ताएका कार्यालयले आर्थिक वर्षको अन्तिममा काम गरेर खर्च बढाउन थालेका छन्। प्रदेश सरकारअन्तर्गत हुम्लामा रहेका सरकारी कार्यालयले पुँजीगत २८ प्रतिशत र चालुतर्फ ६८ प्रतिशत खर्च बढाएका प्रदेश लेखा इकाइ कार्यालय हुम्लाका प्रमुख रामदत्त पाण्डेले जानकारी दिनुभयो ।उहाँका अनुसार उद्योग तथा उपभोक्ता हित संरक्षण

**पुँजीगततर्फको रु एक अर्ब १७ करोड २९ लाख ६६ हजार बजेटमा रु ३३ करोड ८६ लाख तीस हजार मात्रै खर्च भएको प्रदेश लेखा इकाइ प्रमुख पाण्डेले जानकारी दिनुभयो ।**

कार्यालयले २१, डिभिजन वन कार्यालयले चार, खानेपानी सिँचाइ तथा ऊर्जा विकास कार्यालयले ३१, कृषि विकास कार्यालयले ७६, पशु अस्पताल तथा पशुसेवा कार्यालयले ९९, सामाजिक विकास कार्यालयले ४१, स्वास्थ्य सेवा कार्यालयले ९४ र पूर्वधार विकास कार्यालयले २८ प्रतिशत खर्च गरेका छन्।

चालु आर्थिक वर्षको जेठ मसान्तसम्म पशु अस्पताल र स्वास्थ्य कार्यालयले सबैभन्दा बढी बजेट खर्च गरेका पाण्डेले बताउनुभयो । वनले अहिलेसम्म चार प्रतिशत मात्रै खर्च गरेको भन्दै यी कार्यालयको पुँजीगत खर्च खुम्चिएको उहाँको भनाइ छ ।पुँजीगततर्फको रु एक अर्ब १७ करोड २९ लाख ६६ हजार बजेटमा रु ३३ करोड ८६ लाख तीस हजार मात्रै खर्च भएको प्रदेश लेखा इकाइ प्रमुख पाण्डेले जानकारी दिनुभयो ।रासस

# ऋण तिर्दा पनि सहकारीले जग्गा फिर्ता गरेन

**उपमहानगरपालिका वडा नं. ५ मा रहेको समिश्रण कृषि सहकारी संस्था बकुलियाले १४ लाख रुपैयाँ लिएको ऋण चुक्ता गर्दा पनि सहकारीले धितो राखेको जग्गा फुकुवा नगरेको पीडित शेयर सदस्य मुक्ति धामीले जानकारी दिए ।**

**टुडे समाचारदाता**

बारा । जीतपुरसिमरा उपमहानगरपालिकाको एक सहकारीले ऋण तिर्दा पनि शेयर सदस्यको जग्गा फिर्ता गरेको छैन ।

उपमहानगरपालिका वडा नं. ५ मा रहेको समिश्रण कृषि सहकारी संस्था बकुलियाले १४ लाख रुपैयाँ लिएको ऋण चुक्ता गर्दा पनि सहकारीले धितो राखेको जग्गा फुकुवा नगरेको पीडित शेयर सदस्य मुक्ति धामीले जानकारी दिए ।

उनले ऋण चुक्ता गरेको सात महिना पुग्न लाग्दा पनि सहकारीले जग्गा फुकुवा नगरेको दुखेसो गरे । समिश्रणले आफ्नो कित्ता नं.३७६ को जग्गा १३ कठ्ठा दुई धुर राष्ट्रिय सहकारी बैंक सिमरामा धितो राखेर ऋण लिएको बताए । सहकारीले जग्गा फुकुवा नगर्दा आफ्नो जग्गा बिक्रिबितरण गर्न नसकेको धामीले बताए । यता समिश्रण कृषि सहकारी संस्थाका प्रबन्धक




तथा सचिव रमेश चौधरीले सञ्चालक सदस्यहरुको सहमतिमै आ-आफ्नो जग्गा राष्ट्रिय सहकारी बैंकमा धितो राखि संस्थाको नाममा ऋण लिएको बताए। उनले ऋण लिएका मुक्ति धामीकी श्रीमती मनोरमा चौधरी सहकारीको तत्कालीन कोषाध्यक्ष रहेको जानकारी दिए । सहकारीको नाममा २ करोड १० लाख रुपैयाँ ऋण सहकारी बैंकबाट लिएको बताए। सहकारीले लिएको ऋणमध्ये करिब १५ लाख रुपैयाँ बाँकी भएका कारण सहकारी बैंकले जग्गा फकुवा गर्न नमानेको प्रबन्धक चौधरी बताए।

सहकारीको नाममा रहेको ऋण तिर्ने बित्तिकै आफूहरुले उनको जग्गा फिर्ता गर्ने बताए । तर कहिले सम्ममा जग्गा फुकुवा गर्ने विषयमा मिति तोक्न सकेनन् । बारम्बार सहकारी पक्ष र पीडित पक्षलाई वडामै बैठक बोलाएर समस्या समाधानको प्रयास गरेको तर अहिलेसम्म समस्याको समाधान नभएको वडा नं.५ का वडा अध्यक्ष दीपेन्द्र चौधरी बताए। जेठ १५ मै समिश्रण कृषि सहकारीका प्रतिनिधिहरुले धितो जग्गा फुकुवा गर्ने सहमती गरेका थिए। तर जेठ १५ मा फुकुवा गर्न नसक्दा असार १५ को समय लिएको वडा अध्यक्ष चौधरीले बताए । यता जीतपुरसिमरा उपमहानगरपालिकाको सहकारी तथा पर्यटन प्रवर्द्धन शाखा प्रमुख सुधन चौधरीले आफुलाई यस बिषयमा जानकारी नभएको बताए । पीडितले आफूलाई सो विषयमा जानकारी नभएको बताउँदै सो सम्बन्धमा लिखित निवेदनसमेत नआएकाले आवश्यक कानुनी कारबाही अगाडि बढाउन नसकिएको बताए।

# मधेश प्रदेशमा कृषि विद्युतीकरणका लागि छलफल



**टुडे समाचारदाता**

जनकपुरधाम। मधेश प्रदेशका मुख्यमन्त्री सतीशकुमार सिंहले मधेश प्रदेशमा कृषि विद्युतीकरणका लागि सरोकारवालासंग छलफल गरेका छन् ।

जनकपुरधाममा सोमबार नेपाल विद्युत प्राधिकरणका मधेश प्रदेश प्रमुख मोनिन्द्र ठाकुरलगायतसंग कृषि विद्युतीकरणको विषयमा छलफल गरेका छन् । किसानलाई सिँचाइको सुविधा सहज बनाउन खेतमा विद्युत पुर्‍याउने लक्ष्यअनुरुप मुख्यमन्त्री सिंहले छलफल गरेका छन् ।

प्रदेश सरकारले ल्याएको आगामी आर्थिक वर्षको बजेटमा पनि कृषि विद्युतीकरणलाई प्रदेशको गौरवको परियोजनाको रूपमा समावेश गरिएको छ। मधेश प्रदेशको आठवटै जिल्लाका प्रत्येक निर्वाचन क्षेत्रमा विद्युतीकरणका लागि एक करोड रुपैयाँ विनियोजन गरिएको बारे मुख्यमन्त्रीले जानकारीसमेत गराएको विद्युत प्राधिकरणका मधेश प्रदेश प्रमुख ठाकुरले बताए।

छलफलको क्रममा मुख्यमन्त्रीले किसानका लागि कृषि विद्युतीकरणको कार्य कसरी अगाडि बढाउन सकिन्छ भन्ने विषयमा राय लिएका थिए भने पुराना अव्यवस्थित तार र संरचनालाई व्यवस्थापन गर्न पनि ध्यानाकर्षण गराए।

त्यस्तै बिजुली बत्ती नपुगेका विपन्न बस्तीको तथ्यांक संकलन गरी त्यहाँ विद्युत पुगाउने विषयमा पनि छलफल भएको थियो। मुख्यमन्त्री सिंहले यहाँका विपन्न घरपरिवारलाई निःशुल्क विद्युत मिटर उपलब्ध गराउन राखेको प्रस्तावमा प्राधिकरण सकारात्मक भएको प्रमुख ठाकुरले बताए।

# अधुरो सडकको काम तत्काल गर्ने



**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीको मलंगवामा हुलाकी सडक अन्तर्गत टावर चोकदेखि राजश्री सिनेमा हलसम्मको सडक तत्काल निर्माण गर्ने निर्णय भएको छ।

मलंगवामा सोमबार हुलाकी राजमार्ग सडक निर्माण सम्वन्धमा भएको समन्वय बैठकबाट अधुरो सडक निर्माणको काम तत्काल गर्ने निर्णय गरेको छ।

बैठकले टावर चोकदेखि राजश्री सिनेमा हलहुँदै कृष्णा चोकसम्मको सडक किनारमा व्यवस्थापन गर्न बाँकी बिजुलीका पोल विद्युत प्राधिकरण मलंगवा वितरण केन्द्रले ७ दिनभित्र व्यवस्थापन गर्न निर्माण व्यवसायीसंग सहजीकरण गर्ने, नाला निर्माण कार्य तत्काल भोलीबाट नै अगाडि बढाउन हुलाकी आयोजना प्रमुखले आवश्यक प्रवन्ध मिलाउने, सडक कालोपत्रे सम्वन्धी कार्य यथाशिघ्र सम्पन्न गर्न आयोजना प्रमुखले नै आवश्यक व्यवस्था मिलाउने निर्णय गरेको छ।

पटक पटक मिति तोकेर निर्माण पूरा नभएको यो सडकमा अत्यधिक मात्रामा उड्ने धुलोले स्थानीय र यात्रु प्रभावित भइरहँदा प्रमुख जिल्ला अधिकारी गोपालकुमार अधिकारीको अध्यक्षतामा बैठक बसेको थियो।

सो बैठकमा हुलाकी राजमार्ग निर्देशनालय योजना कार्यालय जनकपुरका योजना प्रमुख कृष्णकुमार महतो र प्राधिकरणको मलंगवा वितरण केन्द्रको प्रमुख उमेशकुमार यादव समेत सहभागी थिए।

सो बैठकपछि प्रमुख जिल्ला अधिकारी अधिकारी, जिल्ला समन्वय समितिका प्रमुख कौशलकिशोर सिंहलगायतले निर्माण अलपत्र परेको सडकको अनुगमनसमेत गरेका थिए।

# आगलागीमा धनमाल जलेर नष्ट

**टुडे समाचारदाता**

बारा । बाराको निजगढमा भएको आगलागीबाट लाखौँको धनमाल जलेर नष्ट भएको छ।

निजगढ नगरपालिका- २ सिंगौलस्थित अटलवस्तीको एक घरमा सोमबार दिउँसो आगलागी भएको छ । स्थानीय लिलाधर सापकोटाको दुई तल्ले कच्ची घरमा आगलागी भएको छ।

आगलागीबाट घर पूर्णरूपमा जलेर नष्ट भएको छ । आगलागीमा घरमा छाएको टायल, खाद्यान्न, गरगहना, महत्वपूर्ण कागजात, लत्ताकपडा ,भाँडा र मोबाईल जलेर करिब १५ लाख १५ हजार रुपैयाँ बराबरको क्षति भएको बारा प्रहरीले जनाएको छ।



भान्साबाट आगो सल्किदा घरमा आगालागी भएको थियो । ईलाका प्रहरी कार्यालय निजगढ, सशस्त्र प्रहरी, अस्थायी प्रहरी पोष्ट सिंगौल, नगरपालिकाको दमकल र स्थानियको सहयोगमा आगो नियन्त्रणमा लिइएको थियो।

# ज्येष्ठ नागरिकलाई सम्मान

**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीको ईश्वरपुर नगरपालिकाले ज्येष्ठ नागरिकलाई सम्मान गरेको छ।

ईश्वपुर नगरपालिका-९ को वडा कार्यालयले सामाजिक सुरक्षा भत्ता लिँदै आएका वडाभित्रका सम्पूर्ण वृद्धवृद्धालाई सोमबार भेला गरेर सम्मान गरेको छ।

'ज्येष्ठ नागरिकलाई सम्मान गरौं, सभ्य नागरिकको परिचय दिऊँ' भन्ने नारासहित प्रत्येक ज्येष्ठ नागरिकलाई एक किलोग्रामको एक थान हर्लिक्स प्रदानसहित दोसल्ला ओढाएर सम्मान गरिएको वडा कार्यालयले जनाएको छ । वडाध्यक्ष



नन्दलाल चौधरीको अध्यक्षता तथा मेयर मनोजकुमार आचार्यको प्रमुख आतिथ्यतामा आयोजित ज्येष्ठ नागरिक सम्मान कार्यक्रममा उपमेयर रञ्जितादेवी चौधरी, पूर्व उपमेयर एकावती देवी चौधरी, पूर्व वडाध्यक्ष अमिरीलाल चौधरी, योगनारायण चौधरीलगायतको उपस्थिति रहेको थियो।

# भारतीय दूतावासद्वारा योग कार्यक्रम




**टुडे समाचारदाता**

वीरगञ्ज। भारतीय महावाणिज्य दूतावास वीरगञ्जले चितवनको भरतपुरमा योग कार्यक्रम सम्पन्न गरेको छ।

भरतपुरमा सोमबार नारायणी नदी किनारमा योग कार्यक्रम सम्पन्न गरिएको दूतावासले जनाएको छ।

भरतपुर महानगरपालिकाकी मेयर रेणु दाहालले योग अभ्यासबाट हुने फाइदाहरूको बारेमा चर्चा गरिन्। उनले जीवनका लागि योगलाई आफ्नो दैनिक बानी बनाउन सबैमा अनुरोध समेत गरिन्। भरतपुर महानगरपालिकाले आफ्नो मातहतका प्रत्येक सार्वजनिक तथा निजी विद्यालयमा योग शिक्षक नियुक्त गरी योगलाई लोकप्रिय बनाउन हरसम्भव प्रयास गरिरहेको उनले बताइन्।

भारतीय महावाणिज्यदूत देवी सहाय मीनाले योगले मानवको स्वास्थ्यमा सुधार आउने बताउँदै मानव जातिको समग्र कल्याणमा योगको ठूलो महत्व रहेको बताए। उनले यसको निरन्तर्ताले अदभुत फाइदा हुने बताए। उनले सन् २०१४ मा संयुक्त राष्ट्रसंघको महासभामा नेपाल सहित १७७ सदस्य राष्ट्रद्वारा सहप्रायोजित प्रस्ताव पारित गरे पछि सन् २०१५ देखि २१ जुनमा अन्तरिष्ट्रिय योग दिवस मनाउन थालिएको बताए।

उद्योग वाणिज्य संघ चितवन, नेपाल भारत मैत्री संघ र पतञ्जली योग समिति, चितवन तथा आर्ट अफ लिभिङको सहकार्यमा आयोजनामा भएको सो योग कार्यक्रममा सयौं व्यक्तिहरुको सहभागिता रहेको थियो।

सो योग कार्यक्रममा चितवनका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवसहित विभिन्न राजनीतिक दलका प्रतिनिधि, सरकारी कर्मचारी, समाजसेवी, नागरिक समाजका सदस्यलगायतको सहभागि रहेको थियो।

# विद्युत प्रसारण तथा व्यापार आयोजनामा अनियमितता




**नेपाल सरकार, प्राधिकरणको संयुक्त लगानीमा (विश्व बैकको ऋण सहयोग)मा नेपाल-भारत विद्युत प्रसारण तथा व्यापार आयोजनामा सञ्चालित निर्माणाधीन हेटौंडा-ढल्केर-इनरुवा ४ सय केभी प्रसारण कार्यमा क्षतिपूर्तिको नाममा व्यापक घोटाला हुने गरेकोले छानबिन गरी संलग्न व्यक्तिहरु माथि कारबाही हुनुपर्ने आयोजना पीडितहरुको माग रहेको छ ।**

**टुडे समाचारदाता**

जनकपुरधाम । हेटौँडा-ढल्केवर-इनरुवा नेपाल-भारत विद्युत प्रसारण तथा व्यापार आयोजनामा अनियमितता भएको आरोप लागेको छ । आर्थिक चलखेलका कारण आयोजना पीडितहरूले पाउने क्षतिपूर्तिमा पनि भेदभाव हुने गरेको भन्दै अनियमितता भएको आरोप लगाइएको छ।

वडा कार्यालयदेखि-डिभिजन कार्यालय इनरुवा सुनसरीसम्मको मिलेमतोमा सेटिंगमा अनियमितता हुने गरेको पीडितहरू बताउँछन् । पहुँचवाला, बोल्न सक्ने तथा घुस दिन तयार हुनेको मूल्यांकन बढाएर छिटो भुक्तानी दिने र बोल्न नसक्ने निमुखाहरूको घरजग्गाको मूल्यांकन घटाएर क्षतिपूर्ति दिन समेत आलटाल गरेको पीडितहरूको आरोप लगाएका छन्।

आर्थिक चलखेल गरेर एकै ठाउँका समान प्रकृतिको जग्गाको मूल्यांकन फरक गर्ने तथा भुक्तानीमा पनि छिटो-ढिलो गरी भेदभाव हुने गरेको पीडितहरूको भनाइ छ।

रुपनी गाउँपालिका वडा नम्बर ६ का खेलानन्द चौधरीले आफ्नो बाटो भएको जग्गाको क्षतिपूर्ति नपाएको तथा सोही जग्गाको सीमासँग जोडिएको जग्गाको भुक्तानी जग्गाधनीले पाइसकेको बताए । उनले समान प्रकृतिको जग्गा भएपनि घडेरी योग्य (आवासीय) भनी सीमासंगै जोडिएको जग्गाको १७ लाख पचास हजार रुपैयाँ मूल्यांकन गरिएको बताउँदै जग्गाको खेतीयोग्यमा राखी ८ लाख १२ हजार रुपैयाँ मात्र मूल्यांकन गरी भेदभाव गरेको आरोप लगाए।

आयोजना डिभिजन प्रमुख तथा छिचोलियासँग आफ्नो पहुँच नहुँदा आफू खुसी जग्गाको मूल्यांकन घटाएको उनको आरोप छ। उनले जग्गाको क्षतिपूर्ति तथा मूल्यांकन घटाएको बारे नेपाल-भारत विद्युत प्रसारण तथा व्यापार आयोजना डिभिजन कार्यालय इनरुवा सुनसरीका प्रमुख लालबाबु प्रसादसंग बुझ्नजाँदा रुखो व्यवहार गरेको दुखेसो व्यक्त गरे।

कार्यालय प्रमुख आफैँ उपस्थित भएर असार १ गते बाँस काट्न आएको बताउँदै उनले यस आयोजनामा कतिसम्म चलखेल तथा घोटला गरेको छ भन्ने कुरो यसैबाट पुष्टि भएको आरोप लगाए । कुनै आर्थिक चलखेल नभएको भए दिउँसो प्रशासनको सहयोग लिएर बाँस काटेर हटाउने थियो भन्दै उनले घुसको पोल खुल्ने डरकै कारण डकैती शैलीमा बाँस काट्न आएको बताए।

कार्यालय प्रमुख लालबाबु प्रसाद र सहायक अर्जुन यादवकै मिलेमतोमा अनियमितता हुने गरेको रुपनी ६ कै एक पीडितले आरोप लगाए।

फर्जी कागजपत्र मिलाएर ३० लाख रुपैयाँसम्म भुक्तानी पाउनेसंग ३ लाख, ५० लाख रुपैयाँ पाउनेसंग पाँच लाख रुपैयाँ र १ करोड रुपैयाँभन्दा बढी क्षतिपूर्ति पाउनेसंग २० लाख रुपैयाँसम्म बिचौलिया मार्फत कमिसन लिने गरेको पीडित रुपनी ६ का खेलानन्द चौधरीले आरोप लगाए।

वडा कार्यालयबाट एकै किसिमको जग्गा मूल्यांकन गरी पठाए पनि समान प्रकृतिको जग्गामा मूल्यांकन बढाएर कसैलाई बढी भुक्तानी गरेको तथा कसैलाई तेब्बर मूल्यांकन घटाएर कम भुक्तानी दिनुको साथै आफ्नो भने हालसम्म भुक्तानी अड्काएर काखपाखा गर्ने गरेको पीडितहरूको दुखेसो पोखेको छ। एउटै ग्राइभेल बाटोले भेटाएको छिमेकीको ३० लाख रुपैयाँ प्रतिकठ्ठाको दरले मूल्यांकन गरी रकम खातामा पठाएको बताउँदै अग्नीसाईर कृष्णासवरन २ का एक पीडितले एकैपटक कागजपत्र पेस गर्दा समेत आफ्नो भने क्षतिपूर्ति बापतको रकम नपाएको गुनासो गरे। उनले कार्यालयलाई मिलाउन सक्नेहरूको छिटो तथा आर्थिक लेनदेनको आधारमा पाउँदै-नपाउने रकम समेत भुक्तानी पाउने गरेको बताए

नेपाल-भारत विद्युत प्रसारण तथा व्यापार आयोजना डिभिजन कार्यालय इनरुवा सुनसरीका प्रमुख लालबाबु प्रसादले आफूहरूमाथि लगाएको आरोप निराधार रहेको बताउँदै क्षतिपूर्तिमा कसैसंग भेदभाव नगरेको बताए । उनले वडा कार्यालयको सिफारिस र मालपोत तथा नापी शाखाले उठाएको मुचुल्काको आधारमा जग्गाको मूल्यांकन गरी भुक्तानी दिने गरेको तथा एउटै सिमानाको जग्गामा कसैको कागत पत्र अपुग हुन जाँदा भुक्तानीमा ढिलो भएको बताए।

नेपाल सरकार, प्राधिकरणको संयुक्त लगानीमा (विश्व बैकको ऋण सहयोग)मा नेपाल-भारत विद्युत प्रसारण तथा व्यापार आयोजनामा सञ्चालित निर्माणाधीन हेटौंडा-ढल्केर-इनरुवा ४ सय केभी प्रसारण कार्यमा क्षतिपूर्तिको नाममा व्यापक घोटाला हुने गरेकोले छानबिन गरी संलग्न व्यक्तिहरू माथि कारबाही हुनुपर्ने आयोजना पीडितहरूको माग रहेको छ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८